# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष १ अङ्क २९ | २०७३ माघ १० गते सोमबार | Monday, Jan 23, 2017 | पृष्ठ ८ | मूल्य रु. १०।-

## नेता कृष्णदास श्रेष्ठ क्रान्तिकारी माओवादीमा फर्किए

**काठमाडौं ।** नेपाली कम्युनिष्ट आन्दोलनका सुपरिचित नेता तथा मार्क्सवादी चिन्तक, लेखक, अनुवादक कृष्णदास श्रेष्ठ नेतृत्वको माओवादी केन्द्र परित्याग गर्दै नेकपा (क्रान्तिकारी माओवादी)मा फर्किएको पार्टी कार्यालय स्रोतले जनाएको छ । पार्टीले श्रेष्ठ र पूर्वसभासद् समेत रहेकी उहाँकी जीवनसंगिनी महालक्ष्मी श्रेष्ठ पनि पार्टीमा फर्किएको पार्टीपंक्तिमा सर्कुलर गरेको छ ।

तत्कालीन एमाओवादीसँग विद्रोह गरी मोहन वैद्य'किरण'को नेतृत्वमा बनेको नेकपा-माओवादी गठन हुँदा किरणसँगै विद्रोह गरेका नेता श्रेष्ठ पछिल्लो पटक वादल समूहसँगै माओवादी केन्द्रमा गएका थिए । प्रचण्डले भारतीय विस्तारवादसँग २५ बुँदे राष्ट्रघाती सम्झौता गरेपछि माओवादी केन्द्रसँग असन्तुष्ट रहँदै आएका श्रेष्ठ प्रचण्ड नयाँ लेण्डुपे बन्न खोजेको भन्दै उनी क्रान्तिकारी माओवादीमा फर्किएको उनी निकटस्थ स्रोतले जनाएयो ।

### क्रान्तिकारी माओवादीको तीन महिने अभियान

# देशैभर उत्साहजनक सुरुवात

◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं

**काठमाडौं ।** नेकपा (क्रान्तिकारी माओवादी)को तीन महिने 'संगठन विस्तार तथा जनपरिचालन अभियान'को देशैभर उत्साहजनक सुरुवात भएको छ । पार्टीको गत पौषमा सम्पन्न केन्द्रीय समितिको बैठकले माघदेखि चैत्र महिनासम्म तीन महिने अभियान सञ्चालन गर्ने निर्णय गरे अनुसार क्रान्तिकारी माओवादी माघ ५ गतेबाट देशैभरी अभियनमा जुटेको हो । क्रान्तिले गम्भीर धक्का खाएको र दक्षिणपन्थी संशोधनवादी हावाहुरी प्रबल रुपमा चल्दै आएको वर्तमान अवस्थामा यस तीन महिने अभियानको विशेष ऐतिहासिक महत्व रहेको क्रान्तिकारी माओवादीले प्रकाश पार्दै आएको छ ।

पार्टीका नीति, निर्णय तथा योजनाको कार्यान्वयन गर्नका लागि संगठन विस्तार तथा सुदृढीकरण अनिवार्य रुपमा आवश्यक बन्न गएको महसुस क्रान्तिकारी माओवादीले गर्दै आएको थियो । अभियानले पार्टी, जबस/मोर्चा, संयुक्त मोर्चा सबैलाई जनताको बीचमा पुर्याउन, व्यापक बनाउन र गुणात्मक रुपमा विकसित तुल्याउने लक्ष्य लिएको छ । अभियानले पार्टी नेता र कार्यकर्ता सबैलाई खार्ने, जाँच्ने र एउटा नयाँ उचाइमा पुर्याउने ऐतिहासिक अवसर प्रदान गर्ने पनि क्रान्तिकारी



माओवादीका नेताहरुले बताउँदै आएका छन् ।

**उत्साहजनक सुरुवात**

विकेन्द्रित रुपमा प्रायः सबै जिल्लामा अभियानको उत्साहजनक रुपमा सुरुवात भएको छ । एकाध जिल्लाबाहेक सबै जिल्लामा अभियानको उद्घाटन गरिएको समाचार वर्गदृष्टिलाई प्राप्त भएको छ ।

मध्यकमाण्ड अन्तर्गत नेवाः राज्यको अभियानको पार्टी अध्यक्ष मोहन वैद्य 'किरण' ले असनचोकमा आयोजित विशेष समारोहकाबीच उद्घाटन गरे ।

अभियानको उद्घाटन गर्दै अध्यक्ष किरणले विगतमा क्रान्तिकारी पार्टीभित्रै रहेका प्रतिक्रान्तिकारीका कारण पार्टी कमजोर अवस्थामा पुगेको उल्लेख गर्दै पार्टीलाई मजबुत पार्दै नेपाली जनवादी क्रान्ति पूरा गर्ने अभिभारा बहन गर्न सक्ने पार्टी निर्माणका लागि अभियानको सुरुआत गरिएको बताए ।

जनताबाट शक्ति लिएर पुनः क्रान्तिको तयारी गर्नुपर्नेमा जोड दिँदै उनले संगठन सुदृढीकरण गर्दै अघि बढ्ने बताए । उनले भने, 'जनताबाट लिएर जनतालाई नै दिनुपर्दछ । जनसमुदायबाट उर्जा प्राप्त गरेर, जनसंगठनलाई सुदृढीकरण गर्दै क्रान्तिको तयारीमा जुट्नुपर्ने हुन्छ, हामी त्यतैतिर जाँदैछौं ।'

अहिले संसदवादी दलहरुबीच लडाई परेको जस्तो देखिएपनि वास्तममा उनीहरुको लडाई सत्ताका लागि भएको उल्लेख गर्दै उनले पालैपाले गरेर सत्तामा बस्ने र जनताका लागि केही पनि नगर्ने संसदवादी दलको व्यवहारले जनता आजित भइसकेको उल्लेख गरे ।

अहिले संविधान संशोधनको पक्ष र विपक्षमा उभिएका दलहरु दुई वटा बोतलका एउटै रक्सी भएको उनको भनाई थियो । उनीहरुबाट जनताले धोका पाएका कारण अब क्रान्तिकारी माओवादीले वास्तविक अर्थमा जनताको मुक्ति आन्दोलनको नेतृत्व गर्ने उल्लेख गरे ।

माओवादी पार्टीको नेतृत्वमा सञ्चालित १० वर्षे जनयुद्ध पराजित भएको नभई क्रान्ति नहारेको भन्दै धोका दिइएको उल्लेख गरे । विगतमा ७ डिभिजन सेना निर्माण गरेको स्मरण गर्दै उनले आवश्यक परेमा फेरि पनि सेना निर्माण गरेर क्रान्तिको बाटोमा अघि बढ्ने उदघोष गरे ।

अध्यक्ष किरणले संसदीय व्यवस्था जनताको नाम लिएर जनतालाई नै धोका दिने व्यवस्था भएको उल्लेख गर्दै उनले विगतमा ... *बाँकी ७ पेजमा*

## फैलिदैछ देशभक्त जनगणतान्त्रिक मोर्चा

### विभिन्न जिल्लामा देजमो जिल्ला समिति गठन

◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं

नेकपा (क्रान्तिकारी माओवादी) को वैधानिक मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको विभिन्न जिल्लामा जिल्ला समितिहरु गठन भएका छन् । क्रान्तिकारी माओवादीको तीन महिले संगठन सुदृढीकरण तथा जनपरिचालन अभियानअन्तर्गत विभिन्न जिल्लामा देजमो जिल्ला कमिटि गठन गरिएको हो ।

**काठमाडौंको संयोजकमा किरण शाही**

देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल काठमाडौंको एक भेलाले मोर्चाको संयोजकमा किरण शाहीलाई चयन गरेको छ । संगठन विस्तार तथा जनपरिचालन अभियानको दोस्रो दिन आयोजना गरिएको सो भेलाले मोर्चाको काठमाडौं जिल्लाको सहसंयोजकमा क्रमशः कपिल पुन, अम्बिका पाण्डे, राजकुमार थापालाई चयन गरेको छ भने सचिवमा रामशरण गिरी, सहसचिवमा विकास तामाङ र कोषाध्यक्षमा ईश्वरदास सायमी चयन भएको छ ।

क्रान्तिकारी माओवादीका सचिवालय सदस्य तथा नेवाः राज्यका सहइन्चार्ज पवनमान श्रेष्ठको प्रमुख आतिथ्यतामा सम्पन्न भेलाले २९ सदस्यीय जिल्ला समिति गठन गरेको हो । गोर्की श्रेष्ठको अध्यक्षता र खगेन्द्र छन्त्यालको संचालनमा सम्पन्न भेलाले काठमाडौं जिल्लाका सदस्यहरुमा क्रमशः घनश्याम दाहाल, ढोगप्रसाद अधिकारी, जमानसिंह लामा, रेखा रम्तेल, रत्न महर्जन, प्रविण देउला, ठमानसिंह तामाङ, फणिन्द्र कार्की, मिनकुमार राना, तिलविक्रम चोङ्वाङ, नमस्ते सायमी, श्याम कार्की, रवि तामाङ, दलबहादुर घर्ती, बालकुमार सुनुवार, र विन्द्र मिश्रलगायतलाई चयन गरेको छ ।

पार्टीका सचिवालय सदस्य कमल चौधरी, पार्टी केन्द्रीय सदस्य तथा काठमाडौं जिल्ला इन्चार्ज सुरेश श्रेष्ठ, पार्टी केन्द्रीय सदस्य शारदा महत, मोर्चाका केन्द्रीय सदस्य हरिकृष्ण गजुरेल, भरत बुर्जालगायतको उपस्थिति रहेको कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि श्रेष्ठले मोर्चा तीन जादुगरी हतियारमध्ये सत्ता र संघर्षको प्रमुख साधन भएको बताएका थिए भने अतिथीहरु चौधरी, महत, गजुरेल र बुर्जाले नवनिर्मित कमिटीलाई बधाइ मन्तव्य राखेका थिए ।

संयोजकमा चुनिएका शाहीले प्रतिबद्धता मन्तव्य राखेसँगै सम्पन्न भएको भेला लगत्तै बसेको सो मोर्चाको पहिलो बैठकले माघ मसान्तमा महानगर कमिटी र नगर कमिटिहरु बनाइसक्ने, तीन महिनाभित्र सदस्यता वडा कमिटीहरु गठन गर्ने र प्रत्येक नगर र महानगरका इलाकाले कम्तिमा २ ... *बाँकी ८ पेजमा*

## सुकुम्बासीद्वारा पेरिसडाँडा घेराउ

◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं

नेकपा माओवादी केन्द्रको केन्द्रीय कार्यालय कोटेश्वर पेरिसडाँडालाई मनोहरा वस्तीका सुकुम्बासीले घेराउ गरेका छन् । महिला, बालबालिकासहित मनोहराका सबै सुकुम्बासीले सरकारले मनोहरा जग्गा एकीकरण आयोजना ल्याएको विरोधमा घेराउ गरेका हुन् ।

घेराउ गर्न आएका सुकुम्बासीहरुले आफूहरुलाई बसिरहेकै स्थानमा बसोबासको व्यवस्था मिलाउनुपर्ने बताएका छन् । सुकुम्बासीहरुलाई व्यवस्था नगरिकन सरकारले जग्गा एकीकरण आयोजना अघि सारेर सुकुम्बासीहरुलाई लखेट्न खोजेको उनीहरुको भनाई छ । सुकुम्बासीलाई डोजर लगाएर हाउजिङ बनाउन लागिएको भन्दै उनीहरुले सरकारको नेतृत्व गरिरहेको माओवादी केन्द्रलाई दबाब दिन पार्टी कार्यालय घेराउ गरेका हुन् ।

संयुक्त राष्ट्रिय सुकुम्बासी मोर्चाको अगुवाईमा ब्यानर प्लेकार्डसहित नाराबाजी गरेका उनीहरुले माओवादी केन्द्रलाई ज्ञापनपत्र बुझाउन लागेका छन् । सरकारको मनोहरा जग्गा एकीकरण आयोजना खारेज नगरेसम्म आन्दोलन जारी रहने उनीहरुको भनाई छ ।

तत्कालीन एकीकृत माओवादीका नेता डा.बाबुराम भट्टराई प्रधानमन्त्री भएका समयमा काठमाडौंका सुकुम्बासी बस्तीमा डोजर चलाइएको थियो । त्यसपछि सुकुम्बासीहरुले आफूहरुले बस्दै आएको स्थानमा बास पाउनुपर्ने माग सहित विभिन्न समयमा आन्दोलन गर्दै आएका छन् । अहिले माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालको नेतृत्वमा रहेको सरकारले पुनः सुकुम्बासी विरोधी कार्य गरेको भन्दै आन्दोलित बनेका हुन् ।

## अभियान र जनअपेक्षा

नेकपा (क्रान्तिकारी माओवादी)को केही समय पहिले बसेको केन्द्रीय समितिको बैठकले संगठन विस्तार तथा सुदृढीकरण अभियान' संचालन गर्ने निर्णय गरेको छ । यो निर्णयको पार्टीका लागि मात्र होइन, समग्र नेपाली समाजका लागि, विशेषतः नेपाली समाजको क्रान्तिकारी रुपान्तरणका लागि पनि धेरै ठुलो महत्व रहेको छ । गत माघ ५ गते यो अभियानको कतिपय राज्यहरुमा र देशका अधिकांस जिल्लामा समेत उद्घाटन भैसकेपछि यसले सार्वजनिक चासो र जिज्ञासा पनि बढाउने काम गरेको छ वा गर्नेछ । प्रस्तुत लेख मूलतः यसै विषयमा केन्द्रित रहनेछ ।

**निराशा, पलायन, हतोत्साह**

ठुला ठुला क्रान्तिकारी आन्दोलनमा सहभागी क्रान्तिकारी नेपाली जनता केही वर्षदेखि यता निराश र हतोत्साही भएको सर्वत्र अनुभव गरिँदै आएको छ । जनता मात्र होइन, लामो समयदेखि संघर्षको नेतृत्व गर्दै आएका पार्टीका एक स्तरका नेताहरु र कार्यकर्ता समेतमा यो प्रवृत्ति देखापर्दै आएको छ । यिनीहरुमा पलायनका भावहरु देखिने गरेका छन् । आखिर सबै प्रकारका खतरासँग खेल्दै आएका ती वीर वीरांगनाहरु किन यसरी हतोत्साहित हुन पुगेका हुन् ? के अब नेपालमा क्रान्तिको संभावना टरेको हो त ? यी निरासा, पलायन र हतोत्साहका बादलहरु कहिले फाट्ने होलान् ? यतिखेर नेपाली जनतालाई यी सबै प्रश्नको सहि जवाफ चाहिएको छ ।



**सीपी गजुरेल 'गौरव'**

माथि निराशा, पलायन, हतोत्साहका विषयमा जुन चर्चा गरियो, सबै भन्दा पहिले त त्यसको कारण पत्ता लगाउनु आवश्यक छ । त्यसका विविध कारणहरु हुन सक्दछन् । त्यसमध्ये सबैभन्दा महत्वपूर्ण कारण हो- दश वर्षको जनक्रान्तिको पराजय । उक्त जनक्रान्तिको एउटा भिषण प्रतिक्रान्तिद्वारा विस्थापन गरिएको छ । यो प्रतिक्रान्ति त्यत्ति सहज र सरल तरिकाबाट नभएर सामान्य जनताले छिटै बुझि नहाल्ने तरिकाबाट भएको छ । यो प्रतिक्रान्तिमा फौजी शक्तिले कम गैरफौजी वा राजनीतिक वा कुटनीतिक शक्तिहरुले बढी भूमिका खेलेका छन् । यो प्रतिक्रान्ति पहिले क्रान्तिको नेतृत्व गरेका शीर्ष पंक्तिका नेताहरुमार्फत् नै सम्पन्न गराइएको छ । यसमा प्रमुख भूमिका खेल्ने साम्राज्यवादी र विस्तारवादी शक्तिका प्रतिनिधिहरु सतहमा कम देखापरेका छन् । यसमा वाह्य रुपमा देखापरेका पात्रहरु कुनै समयका नायकहरु हुन् । ती नायकहरु, जसले सर्वहारावर्गको मार्गदर्शक सिद्धान्तमा आफ्नो नामसम्म पनि जोड्न पुगे, तिनीहरु नै आज खलनायक बनेर प्रतिक्रान्तिको नेतृत्व गरिरहेका छन् । तिनीहरु आज प्रतिक्रान्तिलाई महत्वपूर्ण उपलब्धि भनेर कुतर्क प्रस्तुत गरेर क्रान्तिकारी कार्यकर्ता र जनतामा विभ्रम पैदा गराइरहेका छन् । खलनायकहरुद्वारा पारिएका यस प्रकारका भ्रमको पर्दाफास नगरिकन, यो दिग्भ्रमबाट नेपाली जनतालाई मुक्त नगराइकन नयाँ ढंगले क्रान्तिको विकास गर्न पनि सकिँदैन ।

एउटा ठुलो प्रतिक्रान्ति पश्चात् जनताको स्तरमा निराशा फैलिनु, उनीहरु हतोत्साहित हुनुलाई स्वाभाविक मान्नु पर्दछ । विश्व क्रान्तिका अनुभवले पनि यहि कुरा देखाएको छ । तर, एउटा क्रान्तिकारी पार्टीका नेता र कार्यकर्ता पनि जनता सँगै वा जनता जस्तै निराश र हतोत्साहित बन्नु हुँदैन । यदि क्रान्तिकारी पार्टीका नेता पनि जनताकै स्तरमा ओर्लेर निराश र पलायन हुन्छन् भने नेता र जनताका वीचको अन्तर नै कहाँ रह्यो र ? क्रान्तिकारी नेतृत्वले क्रान्तिको पराजय भएको छ भने त्यसलाई स्वीकार्ने र त्यसको कारण पत्ता लगाउने काम गर्नु पर्दछ, आफैं निराश हुने होइन । तत्कालिन रुसमा सन् १९०५ को क्रान्ति असफल भएपछि त्यहाँ जुन प्रतिक्रान्ति भयो, त्यसबाट रसियाली समाजमा ठूलो निराशा छायो । कतिपय मानिसहरु अब क्रान्ति नै सम्भव छैन भन्ने सम्मको निष्कर्षमा पनि पुगे । तर लेनिन र वहाँले नेतृत्व गर्नुभएको बोल्शेविक पार्टीका नेताहरु पनि त्यसैगरी निराश भएको भए, के सन् १९१७ का फरवरी र अक्टुबर क्रान्ति सम्पन्न हुन सक्ने थियो र ? त्यो संभव थिएन । उक्त क्रान्तिले विश्वव्यापी रुपमा पार्ने प्रभाव पनि पार्न सक्ने थिएन । विश्व क्रान्ति र विश्व कम्युनिष्ट आन्दोलनले पनि विकास गर्ने अवसर पाउने थिएन । यतिखेर हामी सबैले सन् १९०५ मा रुसमा क्रान्तिको पराजय पश्चात् कसरी बोशलेविक पार्टीले त्यसको सामना गर्‍यो र फेरि महान ... *बाँकी ७ पेजमा*

## सम्पादकीय

# निष्क्रियताका विरुद्ध निर्मम बनौं !

नेकपा (क्रान्तिकारी माओवादी) को पछिल्लो केन्द्रीय समितिको बैठकले पार्टीपंक्तिभित्र मुख्य समस्याका रुपमा 'निष्क्रियता' रहेको संश्लेषण गरेको छ। केन्द्रीय समिति, राज्य समिति, जिल्ला समिति र त्यो भन्दा तल्ला कमिटिहरु मात्र नभएर जबस/मोर्चाहरुका तत्तत् कमिटीहरुमा पनि अहिले देखिएको भनेको निष्क्रियताकै समस्या हो। यसका विरुद्ध निर्मम बन्ने उद्घोष केन्द्रीय समितिको बैठकले गरिसकेको छ। र, यसको थालनी केन्द्रीय समितिबाटै गरिने पनि निर्णय लिइसकेको अवस्थामा निष्क्रियताका विरुद्ध निर्मम बन्नु संगठनको क्रियाशिल परिचालनका लागि टड्कारो आवश्यकता बनिसकेको छ।

मूलतः सक्रियता र निष्क्रियता विचार र दृष्टिकोणसँग जोडिएको प्रश्न हो। पार्टीले लिएको विचार, सिद्धान्त, नीति, कार्यदिशा, कार्ययोजना र कार्यक्रममा सक्रियतापूर्वक जवाफदेही ढंगले पहल लिने कुरा हरेक पार्टी सदस्यको पहिलो र मुख्य कार्यभार हो। त्यो कार्यभार पूरा गर्नु वा नगर्नु भन्ने प्रश्नलाई विचार र दृष्टिकोणसँगै जोडेर हेर्न जरुरी छ। अहिले पार्टी तीन महिने अभियानमा छ। हरेक पार्टी सदस्यको सक्रियता र निष्क्रियताको जाँचपड्ताल गर्ने यो उचित अवसर हो। र, निष्क्रियतालाई सक्रियतामा बदल्ने एउटा मौका पनि हो।

निष्क्रियता र निराशा पार्टी र क्रान्तिका एक प्रकारले दुश्मन नै हुन्। जसले क्रान्तिकारी पार्टी निर्माण हुन दिंदैन र क्रान्तिको आधार तयार पार्दैन। निष्क्रियता र निराशा कम्युनिष्ट क्रान्तिकारीहरुको डायरीमा हुनु हुँदैन। यसर्थ, निष्क्रियताका विरुद्ध निर्मम बन्न ढिला भइसकेको छ। त्यसका लागि अभियानसँगै वैचारिक, राजनीतिक, आर्थिक र सांगठानिक सुद्धीकरणलाई पनि एकसाथ अगाडि बढाउन जरुरी छ।

क्रान्तिकारी माओवादीमाथि जनताले आशाको नजरले हेरिरहेका छन्। नेपाली कम्युनिष्ट आन्दोलनको धरोहर, विचार, आस्था, निष्ठा र आदर्शको केन्द्रका रुपमा प्रायःले क्रान्तिकारी माओवादी र यसको नेतृत्वलाई लिएको र मानेको देखिन्छ। धेरैले कम्युनिष्ट क्रान्तिकारी नैतिकता र आदर्श क्रान्तिकारी माओवादीको नेतृत्वबाट सिक्नुपर्ने सार्वजनिक रुपमा नै बताइरहेको स्थितिमा यो पार्टी र यसको नेतृत्वलाई जनताका बीचमा लैजाने र पार्टीलाई फैलाउने काममा जति क्रियाशिलता प्रदर्शन गर्न सकिन्छ, त्यति नै नयाँ जनवादी क्रान्तिको कार्यभार पूरा गर्ने आधार तयार पार्न सकिन्छ।

क्रान्तिकारी माओवादीले संसदीय व्यवस्थाका विरुद्ध जनगणतान्त्रिक व्यवस्था स्थापनार्थ अगाडि सारेको राजनीतिक एजेण्डा तथा खाकाले नेपाली धरातलीय यथार्थलाई प्रतिबिम्बित गरेको छ र सही तथा वैज्ञानिक समाधान प्रस्तुत गरेको छ। राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाहरुमा क्रान्तिकारी माओवादीले अगाडि सारेका एजेण्डाहरुमा नै देश अगाडि जाने स्थिति छ तर त्यसको नेतृत्व अरुले नै गर्ने स्थिति आउन नदिन क्रान्तिकारी माओवादीको सिंगो पंक्तिमा यतिखेर क्रियाशिलता र सिर्जनशिलताको खाँचो बढेर गएको छ।

'संगठन बाहेक सबथोक भ्रम हो' भन्दै संगठन विस्तार तथा जनपरिचालनमा जुट्नुपरेको वर्तमान अवस्थामा क्रान्तिकारीहरुको समग्र सक्रियताको खाँचो छ। निष्क्रियताका विरुद्ध निर्मम बनेर मात्र त्यो खाँचोको परिपूर्ति गर्न सकिन्छ। आउनुहोस्, निराशा र निष्क्रियताका विरुद्ध निर्मम बनेर जुधौं ! आशा, उत्साह जगाउँदै क्रियाशिल परिचालनमा जुटौं !!


**परिवर्तनको सम्वाहक**




**सत्यतथ्य निश्पक्ष खबर तथा विचारका लागि सँधै हेर्ने र पढ्ने गरौँ।**

www.moolbato.com


# तीन महिने अभियान र यसको महत्व



दिनेश शर्मा

हजारौं वर्षदेखि नेपालको राज्यसत्ताको बागडोर प्रतिक्रियावादी वर्गको हातमा रहँदै आएको छ। करिब दुईसय चालीस वर्षदेखि त सामन्ती राजतन्त्रले निरन्तर रुपमा पारिवारिक सत्ता संचालन गर्दै आयो। पछिल्लो चरणमा दैनिक काम कार्यवाहीका निमित्त राजतन्त्रात्मक सत्ताको छत्र छायाँमा निर्मित राणाहरुको जहानीयाँ सरकारले एकछत्र रुपमा १०४ वर्षसम्म नेपाली जनतामाथि शासन गरे। त्यो पनि राणा शासकहरुको मौखिक कानुनका आधारमा राजतन्त्रात्मक सत्ताका विरोध गर्ने त कुरै छाडौं राणाहरुको सरकारको विरोधमा कसैले आवाज उठायो भने पनि फाँसिमा लड्कनु अनिवार्य थियो। आखिरी सचेत नेपाली जनताको होनाहार युवाहरु फाँसिको तख्तामा झुण्डिन पछाडि परेरनन्। यही त्याग, वीरता र बलिदानका बीचबाट पुष्पलाल श्रेष्ठको नेतृत्वमा २००६ सालमा चार जनता मिलेर पछिल्लोपटक नेपाल कम्युनिष्ट पार्टीको गठन गरेर प्रतिक्रियावादी वर्गको राज्यसत्तालाई जरैदेखि उखालेर फ्याँक्ने र त्यसको ठाउँमा सर्वहारा वर्गको राज्यसत्ता स्थापना गर्ने लक्ष्य बोकेका थिए। आज कम्युनिष्ट पार्टीको स्थापना भएको ६७ वर्ष हुँदैछ। यसो हेर्दा कम्युनिष्ट पार्टी स्थापना भएको धेरै वर्षजस्तो देखिएता पनि पुँजीवादी दर्शनका आधारमा पुँजीवादी सत्ता संचालन हुँदै आएको अवधिलाई हेर्ने हो भने सर्वहारावर्गीय दर्शन मार्क्सवादको उदय भएकै समय पनि त्यति धेरै भैसकेको थिएन। त्यसमा पनि नेपालमा मार्क्सवादी दर्शनको जगमा नै कम्युनिष्ट पार्टीको स्थापना भएको ६७ वर्षको इतिहासि त्यति लामो होइन।

यति छोटै अवधिमा नेपालको इतिहासमा जनताले चाहेको राज्यसत्ता भनेको सर्वहारा वर्गीय सत्ता नै हो। किनकि कम्युनिस्ट पार्टीको स्थापना भएको केही वर्ष नबित्दै कहिले मजदुरहरुको नेतृत्वमा, कहिले किसानको नेतृत्वमा, कहिले सचेत युवा विद्यार्थीको नेतृत्वमा सानासाना भएपनि वर्गसंघर्षका झिल्काहरु पैदा हुँदै आएको इतिहास हाम्रा सामु ताजै छ। नेपाली जनताहरुको इच्छा, चाहना, मालेमावादको वैज्ञानिक सिद्धान्तको औचित्य, त्यसले पूरा गर्नुपर्ने कर्तव्यबोधका साथ चल्दै आएका वर्गसंघर्षका सानासाना झिल्काहरु समेतलाई संश्लेषण गर्दै तत्कालीन नेकपा (माओवादी) को नेतृत्वमा २०५२ साल फागुन १ गते दीर्घकालीन जनयुद्धको कार्यदिशाका आधारमा वर्गसंघर्षको शंखघोष भएको थियो। युगौदेखि प्रतिक्रियावादी वर्गको हातमा रहेको राज्यसत्तालाई जगैदेखि भत्काइदिनु त्यसको ठाउँमा मजदुर किसानमा आधारित सर्वहारा वर्गको राज्यसत्ता स्थापना गर्नु थियो। राज्यसत्ताद्वारा युगौंदेखि उत्पीडनमा पारिएका महिला, दलितलाई विशेषअधिकारसहित मुक्त बनाउनु थियो भने आदिबासी जनजाति, मधेसी, मुस्लिम लगायत उत्पीडनमा परेका सबैलाई अधिकार सम्पन्न गराउन जातीय पहिचानका आधारमा संघीय राज्यहरु खडा गर्नु थियो।

यिनै महान लक्ष्यका साथ थालनी भएको जनयुद्धको छेउटुप्पो समेत बुझ्न नसकेका प्रतिक्रियावादी वर्गको राज्यसत्तामा बसेका सरकारमा बसेका र सरकार बाहिर रहेका यथास्थितिवादी झुण्डहरुले माओवादी क्रान्तिलाई तीन महिनामा समाप्त बनाइदिने घोषणासमेत नगरेका होइनन्। दश वर्षसम्म चलेको भीषण वर्गसंघर्षले प्रतिक्रियावादी, अवसरवादी, हवाई कल्पनालाई केवल मिथ्या सावित गरेर देखाइदियो। जनताको कर कठाएर युगौदेखि पालिएका र तालिम लिएर बसेका स्रोत साधन सम्पन्न शाही सेना, प्रहरी, जासुसको जालो सबैलाई च्यातचुत पार्दै सात डिभिजन जनमुक्ति सेना खडा भयो। त्यही सेनाको तागतमा गाउँगाउँमा जनसत्ता र आधार इलाका निर्माण भए। जनताका स्थानीय दुश्मनहरु आत्मसमर्पण गर्न बाध्य भए यात गाउँ छाडेर भागे। त्यतिमात्र होइन सात डिभिजन सेनाका निमित्त आवश्यक न्यूनतम हातहतियारको व्यवस्थापन, लत्ताकपडाको व्यवस्थापन र आवश्यक खानपिनको व्यवस्थापनसमेत स्वयं जनताका तर्फबाट जुटाइएको थियो। पूर्णकालीन नेता, कार्यकर्तादेखि जनमुक्ति सेनाको त्यत्रो फौजलाई जनता स्वयंले व्यवस्थापन गरेका थिए। बरु दुश्मन कोहो र मित्र कोहो भनेर छुट्याउने काममा मात्र होइन दुश्मनका सेनाले घेरा हाल्ने कोशिस गरे भने दुश्मनको घेरा तोड्न मद्दत गर्नेदेखि जासुसहरुको जालो भत्काउने काममा समेत जनता स्वयं जागरुक भएर लागेका थिए।

जनताको यो महानता तथा जनताका छोराछोरीको त्याग, वीरता र वलिदानको यो महानताले के स्पष्ट गर्दछ भने नेपाली जनता आमूल परिवर्तन गर्न चाहन्छन्। ठोस रुपमा भन्नुपर्दा यो देशमा जनवादी क्रान्ति पूरा गरेर संघीय जनगणतन्त्र हुँदै समाजवाद र साम्यवादको महान लक्ष्य पूरा गर्न जुनसुै कुर्वानी गर्न परेपनि तयार छन्। एकातिर जनताको यो महानता, इच्छा र चाहना छ अर्कोतिर आफूलाई प्रजातन्त्रको मसिहा ठान्ने नेपाली कांग्रेस पार्टी होस् या कम्युनिस्टको खोल आढेको एमाले होस् तिनीहरुले जहिले पनि जनतालाई धोका दिंदै आएको स्पष्ट नै छ। त्यतिबेला कांग्रेस र एमाले मात्र होइन दश वर्षको जनयुद्धको नेतृत्व गरेर आएको माओवादी केन्द्र होस् या नयाँ शक्तिका नाममा गठन गरिएको बुर्जुवा पार्टी होस्, तिनीहरुले सिंगो क्रान्तिको गला रेट्ने मात्र होइन क्रान्तिकारी आन्दोलनलाई उठ्नै नदिने उठिहालेमा प्रतिक्रियावादी वर्गसँग मिलेर दमन गर्ने हर्कतका साथ लागि परेका छन्। वुर्जुवा वर्गको राज्यसत्तामा बसेर सर्वहारा वर्गले जीवन कुर्वानी गरेर प्राप्त गरेका अधिकारहरुलाई क्रमशः समाप्त गर्ने मात्र होइन, राष्ट्रिय स्वाधीनताजस्तो महत्वपूर्ण विषयप्रति सौदाबाजी गरिरहेका छन्। यस प्रकारका हर्कतले यतिबेला जनतालाई निरास पारेको छ। तर यो निरासा अस्थायी मात्र हो।

सर्वहारा वर्गको मुक्तिका खातिर गठन गरिएको कम्युनिस्ट पार्टीले लक्ष्य उद्देश्यमा आधारित मालेमावादका पथप्रदर्शक सिद्धान्तका आधारमा परिचालित, नेपाली वर्गसंघर्ष मुख्यतः दशवर्षको जनयुद्धका क्रममा जनताका अगाडि जाहेर गरेका प्रतिबद्धतामा अडिग एकमात्र क्रान्तिकारी पार्टी नेकपा (क्रान्तिकारी माओवादी) अहिले पनि लक्ष्य, उद्देश्य पूरा गर्नका निमित्त

*शान्ति प्रक्रियामा आएपछि सर्वहारा वर्गको विचारबाट विचलित भएकाहरुले माओवादीजस्तो अत्यन्तै ओजिलो नामलाई बदनाम गर्न कतिपय असुहाउदीलो कामहरु यो बीचमा भएका कारण जनतामा केही भ्रम परेका छन्। त्यसैले उक्त क्रमलाई स्पष्ट गर्न अत्यन्तै जरुरत भएको छ। साथै नेतादेखि कार्यकर्तासम्मको टिमले आफ्ना विग्रेका कार्यशैलीलाई बदलेर सर्वहारा वर्गीय कार्यशैलीको अवलम्बन गर्नुपरेको छ। त्यसैले त्यतिबेला नेकपा (क्रान्तिकारी माओवादी)ले "संगठन विस्तार तथा सुदृढीकरण र जनपरिचालन अभियान" अन्तर्गत माघ ५ गते उद्घाटन गरेर चैत्र २४ गते समापन गर्नेगरी योजना बनाएको छ।*

क्रियाशील रहँदै आएको छ। शान्ति प्रक्रियामा आएपछि सर्वहारा वर्गको विचारबाट विचलित भएकाहरुले माओवादीजस्तो अत्यन्तै ओजिलो नामलाई बदनाम गर्न कतिपय असुहाउदीलो कामहरु यो बीचमा भएका कारण जनतामा केही भ्रम परेका छन्। त्यसैले उक्त क्रमलाई स्पष्ट गर्न अत्यन्तै जरुरत भएको छ। साथै नेतादेखि कार्यकर्तासम्मको टिमले आफ्ना विग्रेका कार्यशैलीलाई बदलेर सर्वहारा वर्गीय कार्यशैलीको अवलम्बन गर्नुपरेको छ। त्यसैले त्यतिबेला नेकपा (क्रान्तिकारी माओवादी)ले "संगठन विस्तार तथा सुदृढीकरण र जनपरिचालन अभियान" अन्तर्गत माघ ५ गते उद्घाटन गरेर चैत्र २४ गते समापन गर्नेगरी योजना बनाएको छ। उपत्यकामा आम जनसमुदायका बीच पार्टी अध्यक्ष क.किरणले उद्घाटन गर्नुभयो। उक्त कार्यक्रम देशव्यापी रुपमा उत्साहवर्द्धक तवरबाट सम्पन्न भएका छन्। यस अभियानलाई त्यही उत्साहका साथ सम्पन्न गर्नुपर्दछ।

१. मालेमावादका आधारभूत सिद्धान्तहरुलाई ठीक किसिमले बुझ्नु, त्यसको बिकास गर्नु र त्यसलाई प्रयोगमा ल्याउने कुरालाई बुझाइमा एकरुपता ल्याउन स्वअध्ययन गर्नु सम्बन्धित कमिटीमा छलफल गर्नु र निरन्तर रुपमा वर्गसंघर्षमा भाग लिनु हो। सर्वहारा वर्गका नेतादेखि कार्यकर्तासम्म सबै लाल र निपूर्ण हुन आवश्यक छ। लाल र निपूर्णमध्ये मुख्यतः लाल हुनु मुख्य विषय हो।

२. प्रतिक्रियावादी वर्ग तथा कम्युनिस्ट पार्टीका नाममा जनतालाई भ्रम दिएर यथास्थिति काम गराउन उद्धृत संशोधनवादी दलाल पार्टीहरु अझ हाम्रो सन्दर्भमा माओवादको नामबाट संशोधनवादी दलदलमा अत्यन्तै नराम्रोसँग डुब्दै गएका तर जनतालाई भ्रम दिइरहेकाहरुको वास्तविकतालाई जनताका बिचमा स्पष्ट पार्नु, भ्रममा परेका जनतालाई भ्रमबाट मुक्त बनाउनु हो।

३. दश वर्षको जनयुद्धले प्राप्त गरेका मूल्य मान्यता उपलब्धी र त्यसलाई गुमाउनु पर्दाको पीडा उपलब्धी गुमाउनुका मुख्य कारणका बारेमा जनतालाई सविस्तार रुपमा बुझाउने विगतमा माओवादी पार्टीले जनताका बीचमा गरेका वाचा पूरा भएका छैनन्। त्यसैले जनतालाई सत्ताको मालिक नबनाइकन हाम्रो आन्दोलन रोकिंदैन, बरु जनताको साथ, माया, ममता, सहयोगको आवश्यकता झनै बढेर गएको छ भनेर स्पष्ट पार्ने। जनयुद्धको बलमा प्राप्त भएका अधिकारहरु समाप्त बनाएर संसदीय व्यवस्था अंगाल्नेहरु माओवादी त हुँदै होइनन्, तिनीहरु त कम्युनिष्टका नाममा कलंक मात्र हुन्। वास्तविक माओवादी त हौ भेनेर स्पष्ट पार्ने।

४. राष्ट्रियता, जनतन्त्र र जनजीविका अत्यन्तै जटील बन्दै गएका र दलाल सत्ताका विरुद्ध संघर्षमा निरन्तर सहभागी बन्न जनतालाई प्रेरित गर्ने कामलाई निरन्तरता दिने।

५. वर्तमान विश्वको अन्तरविरोध तथा त्यसैले पैदा गर्न सक्ने नकरात्मक तथा सकारात्मक पक्षका बारेमा अध्ययन, अनुसन्धान तथा वस्तुवादी निस्कर्ष निकाल्न पहल गर्ने। दुश्मनहरुको अन्तरविरोधबाट सर्वहारा वर्गको हितमा, सर्वहारावर्गीय क्रान्तिको हितमा प्रयोग गर्न सकियोस्।

६. वर्तमान नेपालको वर्ग विश्लेषण, वर्गअन्तरविरोधको अवस्था र त्यसको समाधानको खातिर वर्गसंघर्षको आवश्यकता र त्यसको स्वरुपका विषयमा गहिरो अध्ययन अनुसन्धान गर्ने।

७. वैचारिक आधारविनाका ठुला ठुला भिड वा अनावश्यक प्रकारका तडकभडकबाट प्रभावित बनेर क्रान्तिकारी विचार, कार्यदिशा त्यसअनुरुप बनेका नीति, योजना, कार्यक्रमप्रति उदासिन बनेर ढिला ढिला कार्यशैली, व्यवस्ताजस्ता विषयहरु न्युन चेतनास्तका उपज हुन् भन्ने कुरा भित्री दिलै महशुस गरे। त्यसलाई चाँडोभन्दा चाँडो सच्याउन कामलाई उच्च प्राथामिकतामा राख्ने। आफ्नै पार्टीले लिएको नीति, आफैले तय गरेका योजना, आफै बसेर गरेका निर्णय र मुख्यतः आफूप्रति आफै इमान्दार बन्न सकियोस्।

८. सर्वहारावर्गीय विचारका वाहक हामी कम्युनिष्ट भनेका न त कसैप्रति दम्भ, धमण्ड गर्छौं, न त संख्यात्मक दृष्टिले कमजोर भयौ भनेर निरास नै हुन्छौं। यी दुवै कुरा कम्युनिष्ट आचारणभित्र पर्दैनन्। त्यसैले पार्टीका सहयोद्धा हुनु भनेको जनतामा नम्र, एकअर्काप्रति भावनात्मक एकता, ईखमा साथ सहयोग गर्ने बानिको विकास गर्ने सकियोस्।

९. विचारलाई आफ्नो कार्यशैलीमा रुपान्तरण गर्नु, कार्यशैलीद्वारा जनताको मन जित्नु, व्यापक जनसंगठनको जालो बनाएर संघर्षका लागि आधार तयार पार्नु, यतिबेलाको मुख्य आवश्यकता हो भन्ने विषयलाई समय तालिका बनाएर जुट्नु हो।

१०. मालेमावादको सिद्धान्त भनेको नकारात्मकभित्र सकारात्मक देख्ने सिद्धान्त हो। त्यसैले यतिबेला क्रान्ति हारेको छ। तर मालेमावादले हारभित्र पनि जीत देखेको छ। प्रतिक्रियावादी वर्गले जस्तो, संशोधनवादी, सुधारवादी वा अराजकतावादीले जस्तो चिया पसलमा, बाटोमा वा असान्दर्भिक स्थानहरुमा गएर निरासा, कुण्ठा र असन्तुष्टि बाँड्दै हिंड्ने प्रवृत्तिलाई निरुत्साहित मात्र होइन, निर्मुल बनाउन कोशिस गर्नु पर्दछ। किनकि, हामी सर्वहारा वर्गको दुश्मन हामीभित्रै छ। हाम्रो नजीकै छ र तसर्थ यस प्रकारका कार्यहरु तुरुन्त रोकेर सकारात्मक सोचका साथ अगाडि बढ्नु पर्दछ।

पार्टीले संचालन गरेको तीन महिने अभियानमा नै सकारात्मक सोचलाई स्थापित गर्नका खातिर आफैभित्र रहेका कयौ रोगका विरुद्ध लड्ने ताकतको निर्माण गरौं। देशीय प्रतिकृयावादी वर्गमात्र होइन वैदेशिक प्रतिकृयावादी वर्गको तागतले पनि सर्वहारा वर्गको अजय शक्तिलाई हल्लाउन सक्दैन। दक्षिणपन्थी संशोधनवाद होस् या नवसंशोधनले फैलाएका भ्रमहरु हुन्, सबैलाई चकनाचुर पार्दै आन्दोलन वा क्रान्तिका निमित्त बलियो आधार तयार पार्न लागौं। यहि नै तीन महिने अभियानको महत्व हो।

६ माघ, ०७३

# ‘मार्क्सवाद कुनै जडसूत्र होइन, बरु कार्यमा पथप्रदर्शक हो’



कृष्णदास श्रेष्ठ

मार्क्सवाद भनेको कुनै जडसूत्र होइन, बरु कार्यमा पथप्रदर्शक हो । मार्क्सवादको सम्बन्धमा व्यक्त गरिने यो वाक्य एउटा महत्वपूर्ण कथन हो । यस भनाइले मार्क्सवादको वास्तविक सार तत्व तथा अन्तर्निहित चरित्र र त्यसको अभिप्राय तथा उपादेयतालाई व्यक्त गर्दछ । उक्त भनाइको तात्पर्य के हो भने मार्क्सवाद भनेको कुनै मृत विचार होइन, कुनै अपरिवर्तनीय वा अमूर्त सिद्धान्त होइन, कुनै शास्त्रवाद ९कअजयबिकतष्अष्क्म०, अर्थात् शास्त्रीय चीज होइन । त्यसको पूरै विपरीत, मार्क्सवाद एउटा विज्ञान, सजीव विज्ञान हो, एउटा विकासशील विज्ञान हो । विज्ञानको रुपमा यसको निरन्तर विकास हुने गर्छ, ऐतिहासिक प्रगतिसँगसँगै यसको विकास भइरहेको छ । १९औं शताब्दिको पाँचौं दशकमा प्रतिपादित यस सिद्धान्तले अहिलेसम्ममा अनकौं चरण वा खुड्किलाहरु पार गरिसकेको छ (उदाहरणार्थ, लेनिनवाद, माओ विचार, आदि), र यो ऐतिहासिक तथ्य स्वयं नै त्यसको वैज्ञानिकताको एउटा ठोस प्रमाण हो । मार्क्सवाद एउटा जीवन्त सिद्धान्तगत प्रक्रिया हो, जसले श्रमजीवि मानवजातिको क्रान्तिकारी व्यवहारको एउटा सशक्त हतियारको हैसियतबाट आफूलाई क्रियाशील पार्दै र सो व्यवहारसँगसँगै आफूलाई विकसित गर्दै र त्यसबाट प्राप्त महत्वपूर्ण ऐतिहासिक अनभुवका निचोडहरुबाट आफूलाई समृद्ध पार्दै अघि बढिरहेको छ ।

संसारको क्रान्तिकारी रुपान्तरण गर्ने, अर्थात् शोषण–व्यवस्थाको लासमा वर्गहीन, कम्युनिष्ट समाजको निर्माण गर्ने विश्व सवर्हारावर्गको महान लक्ष्यको लागि चलाइने संघर्षको एउटा अचूक हतियारको रुपमा यसको स्थितिको प्रमाणीकरण भइसकेको छ । मार्क्सवाद एउटा विशाल तथा समृद्ध ज्ञान–भण्डार हो, र यसले संसारमा ठूल–ठूला क्रान्तिकारी उथलपुथल, युगान्तकारी परिवर्तनहरु पैदा गर्ने तागत आफूभित्र बाकेको तथ्यलाई जीवन र व्यवहारले सावित गरिसकेको छ । बीसौं शताब्दिमा घटेका महान अक्टोबर समाजवादी क्रान्ति, महान चिनियाँ जनक्रान्ति, आदि ऐतिहासिक घटनाहरु त्यसकै क्रान्तिकारी प्रेरणा तथा गति–शक्ति र सैद्धान्तिक पथप्रदर्शनमा भएका थिए । त्यस्तै, हाम्रो आफ्नै मुलुकमा नेकपा (माओवादी) को नेतृत्वमा संचालित दशवर्षे जनयद्ध, त्यसकै प्रेरणा र पथप्रदर्शनमा भएको थियो । यसरी, उपरोक्त तथ्यहरुबाट स्वाभाविक रुपले निस्कने एउटा निष्कर्ष के हो भने मार्क्सवादको जीवन्तता, प्रभावकारिता, तथा उदोदयता त्यसबेलामा अधिक खुलस्त हुन्छ, जब त्यसलाई वस्तुगत यथार्थताको अनुसन्धान र बुझाइको काममा र साथै समाजको क्रान्तिकारी रुपान्तरणको काममा उपयुक्त ढंगबाट प्रयोग गरिन्छ । मार्क्सवादमा ठूलो शक्ति अन्तर्निहित छ, र सो शक्तिले माथि–उल्लेखित कामहरुमा आफ्नो वास्तविक अभिव्यक्ति हासिल गर्छ । मार्क्सवादलाई पथप्रदर्शकको रुपमा जान्न–बुझ्नका लागि, त्यसलाई विज्ञान, कला तथा व्यवहार र कार्यवाहीको रुपमा लिनु आवश्यक छ । मार्क्सवादलाई सिद्धान्त, व्यवहार र जीवन–पद्धतिको रुपमा ग्रहण गरेर मात्र, पथप्रदर्शनको रुपमा त्यसको अन्तर्निहित तागत र महत्वलाई स्पष्टसित बुझ्न सकिन्छ । यसबारे सारांशमा चर्चा गरौं । विज्ञानको रुपमा मार्क्सवाद भन्नुको तात्पर्य त्यसलाई एउटा वैज्ञानिक सिद्धान्तको रुपमा लिनु हो । विज्ञान भन्नाले हामीले के बुझ्नुपर्छ ? विज्ञानले अवलोकन, अनुसन्धान तथा प्रयोगको आधारमा स्थापित व्यवस्थित ज्ञानको समष्टिलाई जनाउँछ– त्यो यस्तो ज्ञान हो, जसले खास व्यावहारिक समस्याहरुलाई बुझ्न र सुल्झाउनमा मद्दत गर्छ । विज्ञान भनेको मानिसको क्रियाकलापको यस्तो क्षेत्र हो, जसको मुख्य काम वस्तुगत यथार्थताबारे उपयुक्त ज्ञान हासिल गर्नु र सो ज्ञानलाई सैद्धान्तिक रुपले व्यवस्थित पार्नु रहन्छ । सो काम ठीक ढंगबाट गरेर त्यसले यथार्थताको एउटा वैज्ञानिक चित्र प्रस्तुत गर्दछ ।

विज्ञानको रुपमा मार्क्सवादले वस्तुगत संसार को वैज्ञानिक चित्र प्रस्तुत गर्ने भूमिका खेल्दछ । विज्ञानको रुपमा मार्क्सवाद दार्शनिक, आर्थिक तथा सामाजिक–राजनीतिक धारणाहरुको एउटा सिंगो व्यवस्था हो । यो प्रकृति, मानवीय समाज र मानवीय चिन्तनको विकासका नियमहरु, सामाजिक क्रान्तिसम्बन्धी नियमहरु र मानवजातिको मुक्तिसम्बन्धी नियमहरुसित सम्बन्धित विज्ञान हो । मार्क्सवादले यथार्थता र त्यसका परिघटना र प्रक्रियाहरुलाई चिन्तनमा प्रतिबिम्बित गर्दछ, र वस्तुगत संसारको वैज्ञानिक चित्र प्रस्तुत गर्छ । भौतिकवादी द्वन्द्ववाद, जुन त्यसको मूल तत्व र आधार हो, त्यो चिन्तनमा आत्मसात् गरिएको वस्तुगत संसार हो, आधुनिक युग हो । आधुनिक युगको वैज्ञानिक प्रतिबिम्बको हैसियतबाट त्यो संसारको एउटा अभिन्न अंग रहेको छ, जसले युगको वस्तुपरकता, चरित्र र अग्रगामी दिशालाई ठीकसित बुझ्नमा हामीलाई मद्दत गर्छ । वस्तुगत यथार्थता निरन्तर रुपले विकसित भइरहेको छ, र

त्यसको वैज्ञानिक, सैद्धान्तिक प्रतिबिम्बको रुपमा मार्क्सवादको विकास हुनु स्वाभाविक र अनिवार्य छ । विभिन्न चरणमा त्यसको विकास भएको तथ्यलाई हामीले माथि उल्लखे गरेका छौं । मार्क्सवाद मानवीय ज्ञानको विशाल ज्ञान–भण्डार रहेको तथ्य सुस्पष्ट छ । विश्व सर्वहारावर्ग र त्यसका राजनीतिक प्रतिनिधि–संगठन कम्युनिष्ट पार्टीहरुको हातमा सामाजिक रुपान्तरणको कार्यमा सशक्त वैज्ञानिक अस्त्र रहेको तथ्यलाई त्यसले स्थापित गरेको छ । जो मानिसहरु वस्तुगत संसार लाई ठीकसित बुझ्ने र त्यसलाई जगैदेखि फेर्ने, अर्थात् नौलो संसारको निर्माण गर्ने चाहना राख्छन्, उनीहरु आफ्नो निर्देशनका लागि मार्क्सवादतर्फ हेर्ने र लाग्ने गर्छन् । यो आधुनिक युगको एउटा महान सत्य हो । कलाको रुपमा मार्क्सवाद भनेको त्यसको प्रयोगसित सम्बन्धित कुरा हो । स्टालिनले मार्क्सवाद दुई खालको रहेको बताएका छन् : जड्सूत्रवादी मार्क्सवाद र सिर्जनात्मक मार्क्सवाद । सच्चा कम्युनिष्टहरु निश्चय पनि सिर्जनात्मक मार्क्सवादको पक्षमा रहन्छन् । तर सिर्जनशील प्रयोगको नाउँमा मार्क्सवादबाट त्यसका क्रान्तिकारी तत्वहरुलाई हटाई त्यसलाई शोषकवर्गको स्वार्थमा भुत्ते पार्ने गरिएका अनेकौं घटनाहरु विभिन्न मुलुकहरुमा देखिनमा आएका छन् । यस्तो काम हाम्रो यहाँका संशोधनवादीहरुको तर्फबाट पनि हुँदै आएको छ । वास्तवमा यस्तो काम सिर्जनशीलता होइन, बरु विकृतीकरण वा भ्रष्टीकरण हो । कुनै पनि वैज्ञानिक सिद्धान्तको एउटा प्रमुख तत्व त्यसको तरिका (विधि) र हन्छ, र विधिशास्त्रको हैसियतबाट मार्क्सवादले कुनै परिघटना वा प्रक्रियालाई कुन रुपमा हेर्ने र कनु ढंग बाट त्यसको अनसुन्धान गर्ने भन्ने कुरा सिकाउँछ । यस दृष्टिबाट हेर्ने हो भने मार्क्सवाद भनको अनुसन्धान र चिन्तनव एउटा तरिका हो । यहाँ नै कलाको रुपमा मार्क्सवादको कुरा आउँछ । कलाको रुपमा मार्क्सवाद भन्दाखेरि त्यसको अर्थ यस्तो हुन्छ : यो विशाल विविधता र परिवर्तनशीलतामा रहेका शक्तिहरुको जटिलताको विश्लेषण गर्ने एउटा प्रविधि, ढंग हो । हामी के देख्छौं भने ठोस सामाजिक यथार्थता निकै जटिल छ, र त्यसका थुप्रै अन्तर्विरोधहरु, विभिन्न खालका समूहहरु, विभिन्न विशेषता बोकेका परिघटनाहरु विद्यमान छन् । यस्ता सारा विविधता र जटिलतामा सामाजिक यथार्थतालाई बुझ्ने हो भने, मार्क्सवादी सिद्धान्तलाई बुझेर मात्र पुग्दैन, बरु यथार्थताको बोध गर्ने प्रक्रियामा सो सिद्धान्तलाई कसरी ठीक ढंगबाट प्रयोग गर्ने भन्ने पनि जान्नु पर्दछ । यो जान्नु भनेको सैद्धान्तिक बोध जस्तो होइन, बरु त्यसबाट सही परिणाम हासिल गर्नु पनि हो । तसर्थ, प्रयोगलाई त्यसको प्रभावकारिता र त्यसको हेतुकताको दृष्टिबाट हेरिने गरिन्छ । यसको लागि द्वन्द्वात्मक ढंगले सोच्नु र बोध–क्रियामा द्वन्द्वात्मक तरिकाको प्रयोग गर्नु आवश्यक छ । वस्तुगत यथार्थतालाई द्वन्द्वात्मक ढंगबाट बुझेर मात्र मानिसको चिन्तनले सही निष्कर्ष र परिणाम हासिल गर्न सक्नेछ । यथार्थतालाई चिन्तनमा उचित प्रतिनिधित्व यसरी मात्र प्राप्त गर्न सकिन्छ र मार्क्सवादी ढंगबाट सोच्ने कला भनेको यही हो । सही प्रतिबिम्बित प्राप्त गर्नु भनेको एउटा ठूलो कला हो, मार्क्सवादी चिन्तनको कला हो । वैज्ञानिक सिर्जनशीलताको, सिद्धान्तको सिर्जनात्मक प्रयोगको वास्तविक अर्थ यही हो, जसमा विशाल गहनता, गतिशीलता र सम्प्रयोजनीयता रहन्छ । उपरोक्त कथन भौतिकवादी द्वन्द्ववादको प्रयोगको कुरा हो ।

विज्ञानको रुपमा मार्क्सवादबारे हासिल गरिएको समझदारीलाई तत्कालीन परिस्थिति र आफ्नो मुलुकका विशिष्ट अवस्थाहरुमा उचित तरिकाले र सिर्जनात्मक ढगं बाट लागु गर्ने कुरा कलातर्फको संक्रमण हो । मार्क्सवादले इतिहास र त्यसका अनुभवहरुको व्याख्या–विश्लेषणको आधारमा जुन सिद्धान्तहरुको प्रतिपादन गरेको छ, ती आफैमा अन्तिम र



KARL MARX

निरपेक्ष होइनन् । यदि ती निष्कर्षलाई अहिलेका विशिष्ट अवस्थाहरुमा ठीकसित लागु गरिएन र अरु निष्कर्षहरुका लागि आधारमा फेर्ने गरिएन भने, ती निरर्थक रहन्छन् । यसरी, सिर्जनात्मक प्रयोग त्यसको जीवन्तता र सार्थकताको प्रमाण बन्दछ । त्यसैले, मार्क्सवादी सिद्धान्तलाई ठोस यथार्थताको अनुसन्धानमा र क्रान्तिकारी व्यवहारको सिलसिलामा उत्पन्न समस्याहरुको समाधानमा प्रयोग गर्नका लागि कलात्मक सिर्जनशीलताको आवश्यकता पर्छ । यो सिद्धान्त र व्यावहारिक कार्यवाहीबीचको सम्बन्ध हो ।

हामीलाई थाहा छ, सामाजिक जीवन झन्झन् जटिल र विविध बन्दै गइरहेको छ । ऐतिहासिक रंगमंचमा नयाँ नयाँ तत्वहरु निरन्तर रुपले देखा परिरहेका छन्, परिस्थितिमा निरन्तर परि वर्तन भइरहेको छ । नयाँ नयाँ सवाल, आकस्मिक रुपले घट्ने घटनाहरु, नयाँ जटिलताहरु, नसोचिएका कुराहरु निरन्तर यहाँ प्रवेश गरिरहेका छन् ।

त्यसले गर्दा, नौलो स्थिति र बदलिंदो वस्तुगत सम्बन्धहरुको गंभीर र विवेकपूर्ण ढंगले लेखाजोखा र व्याख्या विश्लेषण गर्नुपर्ने हुन्छ, र अनि सो लेखाजोखा र विश्लेषणबाट जुन निष्कर्षहरु निस्कन्छन्, त्यसलाई कार्यनीतिको रुपमा फेर्नुपर्ने हुन्छ । त्यसको अर्थ हो- कलात्मक सिर्जनशीलताको खाँचो । वास्तवमा, सवाल जति बढी गंभीर र जटिल हुन्छ, द्वन्द्ववादी ढंगले त्यसको विशेषणको आवश्यकता त्यतिकै बढी मात्रामा र हन्छ । यसो गर्न सक्नुमा नै मार्क्सवादी सिर्जनात्मक क्षमता अभिव्यक्त हुन्छ ।

व्यवहारको रुपमा मार्क्सवाद त्यस सिद्धान्तको सबभन्दा महत्वपूर्ण र सबभन्दा प्रभावोत्पादक अंग हो । आफ्नो “फवारबाखसम्बन्धी प्रस्थापना”मा मार्क्सले लेखेका छन्, “दार्शनिकहरुले विभिन्न ढंगबाट संसारको व्याख्या मात्र गरेका छन्, तर मुख्य कुरा त त्यसलाई बदल्नु हो ।” त्यसलाई बदल्ने कुरा क्रान्तिकारी व्यवहारसित सम्बन्धित सवाल हो ।

बोधको रुपमा, अर्थात् मानवीय मनमा वस्तुगत प्रतिबिम्बको रुपमा सिद्धान्तले आफ्नो औचित्यलाई व्यवहारमार्फत् सावित र पुष्टि गर्नुपर्छ । त्यसरी नै क्रान्तिकारी सिद्धान्तले वस्तुगत नियमअनुसार सामाजिक रुपान्तरणको उद्देश्यसहितको क्रान्तिकारी व्यवहारमार्फत् आफ्नो वैज्ञानिकता र औचित्यलाई सावित गनुपर्छ । किनभने क्रान्तिकारी व्यवहार नै त्यस्तो उपाय हो, जसको मद्दतबाट पुरानो संसारको ठाउँमा नयाँ संसारको स्थापना गर्न सकिन्छ । यस दृष्टिबाट भन्ने हो भने, व्यवहार सिद्धान्तभन्दा श्रेष्ठ छ भन्न सकिन्छ, किनभने व्यवहार सिद्धान्तको औचित्यको प्रमाण हो, त्यसको जीवित तथा सक्रिय सावित्ती हो, र किनभने व्यवहारमार्फत मात्र सिद्धान्तले आफूलाई वस्तुगत बनाउँछ र वास्तविक संसारमा आफूलाई अभिव्यक्त गर्छ । वास्तवमा, सिद्धान्तले आफैद्वारा आफ्नो औचित्यलाई सिद्ध गर्न सक्दैन, बरु त्यसले उचित रुपमा व्यावहारिक प्रक्रियाको प्रवाहमा आफूलाई लगाएर र सही परिणाम पैदा गरेर आफूलाई ठीक ठहऱ्याउँछ । अर्को शब्दमा, विचार (सिद्धान्त) लाई व्यवहारमा प्रक्षेपण गरिन्छ, व्यवहार द्वारा त्यसको परीक्षा गरिन्छ र अनि त्यसरी व्यवहारको सहायता र शक्तिमार्फत् त्यसको जीवन्त शक्तिको प्रमाणीकरण हुन्छ । यसमा नै व्यवहारको महत्वपूर्ण र उच्च स्थान रहेको छ । उपरोक्त तथ्यमा हामी सिद्धान्त र व्यवहारको द्वन्द्वात्मक सम्बन्धलाई देख्न सक्छौं । व्यवहार सिद्धान्तको स्रोत हो, व्यवहारले सिद्धान्तलाई पैदा गर्छ । व्यवहारले निरन्तर रुपमा सिद्धान्तसामु नयाँ अनुभवहरु र नयाँ अभिभारहरु प्रस्तुत गर्छ, र सिद्धान्तले सो अनुभवको सारसंक्षेपीकरण गर्छ र सो अभिभारालाई बुझे र त्यसलाई पुरा गर्ने बाटो र उपाय सुझाउँछ । यसरी, व्यवहार सिद्धान्तमा विस्तारित हुन्छ र सिद्धान्तले व्यवहार लाई विकसित र समृद्ध पार्छ र दिशानिर्देश गर्छ । व्यवहारअघि बढ्छ, विकसित र विस्तृत् हुन्छ, तर सिद्धान्त चुप लागेर बसेको हुँदैन, र त्यसले बदलिंदो स्थितिको मूल्यांकन र विश्लेषण गरेर उचित निष्कर्षहरु निकाल्छ, जसको निर्देशनमा व्यवहार अरु समृद्ध बन्छ । यहाँ सिद्धान्त र व्यवहार एक अर्काको विरोधी प्रवर्ग रहे पनि, ती एक अर्कासित निरन्तर अन्तर्क्रिया गरिरहने प्रक्रिया हुन् र यसमा नै सिद्धान्त र व्यवहारको द्वन्द्वात्मक एकता रहेको छ ।

मार्क्सवादमा महान सिद्धान्त र महान क्रान्तिकारी व्यवहारको अभिन्न एकताले मूर्तरुप लिएको तथ्यलाई इतिहास र जीवनले स्पष्टसित देखाइसकेको छ । महान सिद्धान्तको रुपमा त्यसमा महान क्रान्तिकारी–व्यवहारिक कार्यवाही पैदा गर्ने अन्तर्निहित सामर्थ्य छ र महान क्रान्तिकारी सामाजिक रुपान्तरणले त्यसलाई अरु समृद्ध, विस्तृत र विकसित गर्ने वस्तुगत स्थिति पैदा गर्छ । सारांशमा, विज्ञानको हैसियतबाट मार्क्सवादले वस्तुगत परिघटना र प्रक्रियाहरुलाई वस्तुगत रुपले प्रतिबिम्बित गर्छ, अर्थात् विचार, ज्ञान र दूर दर्शिता प्रदान गर्छ, र कलाको हैसियतबाट त्यसले सो ज्ञानलाई वस्तुगत अवस्थाहरुमा सिर्जनात्मक रुपले प्रयोग गरी त्यसलाई रणनीति र कार्यनीतिको भाषामा परिणत गर्दछ । व्यवहारको हैसियतले त्यसले क्रान्तिकारी परिवर्तनका लागि आवश्यक प्रचारात्मक, आन्दोलनकारी, सांगठानिक, आदि कामहरुको व्यवस्था गर्दछ, र यसरी त्यसले चहकिला सफलताहरु हासिल गर्दछ । यो एक इतिहाससिद्ध सत्य हो, र यसमा नै मार्क्सवादको क्रान्तिकारीता, प्रभावकारिता, उपादेयता र पथप्रदर्शनको सार्थकता रहेको छ । आफ्नो विकासको क्रममा मार्क्सवादले आफूलाई सिंगो विश्व–दृष्टिकोण, प्रयोगात्मक सिर्जनात्मकता र क्रान्तिकारी जीवन–पद्धतिको मेलको रुपमा स्थापित गरेको छ ।

हामीले कुन तथ्यलाई देखिरहेका छौं भने मार्क्स र एन्जेल्सको महान सिद्धान्तले व्यावहारिक दृष्टिले आफ्नो बराबरी रुपमा महान, युगान्तकारी कार्यहरु र उच्च आदर्शहरु हासिल गरेको छ, र त्यो कुन अर्थमा भने त्यसको पथप्रदर्शनमा महान क्रान्तिहरु भएका छन् र मानव मुक्तिको उच्च तथा पवित्र लक्ष्यको लागि चलेको संघर्षमा असीम त्याग तथा बलिदान र महान वीरताका गौर वशाली दृष्टान्तहरु कायम भएका छन् । फिदेल क्यास्ट्रोको यस सम्बन्धमा महत्वपूर्ण भनाइ यस्ता छन् : “पेरिस कम्युनदेखि हाम्रो समयसम्म, वीरता सँधैभरि सच्चा कम्युनिष्टहरुको विशिष्ट लक्षण रहेको छ । मानवजातिको सम्पूर्ण इतिहासभर, आत्मत्याग, ऐक्यबद्धता, निष्ठा, निस्वार्थता र आफ्नो न्यायसंगत लक्ष्यको लागि आफ्नो जीवन उत्सर्ग गर्ने तत्परतामा उनीहरुलाई कसलै पनि उछिन्न सकेका छैनन् । मानव इतिहासको विकासक्रममा अन्य कुनै पनि राजनीतिक विचारले यस्ता निष्ठावान ९यिथर्बा० र निस्वार्थी उत्साहीहरु ९शभबयित० पाएको थिएन । मानिसद्वारा मानिसको हजारौं वर्ष पुरानो शोषणलाई विध्वंश पार्नका लागि भएका संग्रामहरुमा मानिसका सर्वोत्तम तथा शुद्धतम भावनाहरु अभिव्यक्त भए । .....जनताको भाग्यलाई फेर्ने खाँचो यथार्थमा यहिं, पृथ्वीमा रहेको थियो, र त्यसैले कम्युनिष्टहरु अरुहरुको सुखका लागि, आफ्नो लागि कुनै कुराको माग नगरिकन विनाहिच्किचाहट आफ्नो जीवनको उत्सर्ग गर्न तयार रहेका थिए ।” (ईगोर सवेत र इवान युदिनद्वारा लिखित “सोसंकपाका वैचारिक, राजनीतिक तथा सांगठनिक सिद्धान्तहरु”, अ.सं. पृष्ठ १४ बाट उद्धृत)

सार रुपमा भन्ने हो भने, विज्ञान, कला र व्यवहार (कार्यवाही) को रुपमा मार्क्सवाद एउटा सिंगो वैज्ञानिक सिद्धान्त हो । मार्क्सवादी विज्ञान, मार्क्सवादी सिर्जनात्मक चिन्तन र मार्क्सवादी क्रान्तिकारी व्यवहार एक आपसमा अभिन्न रुपमा गासिएका छन् र यस रुपमा त्यसले समाजको आर्थिक–राजनीतिक–सांस्कृतिक, अर्थात् समग्र सामाजिक रुपान्तरण–प्रक्रियाको प्रतिनिधित्व गर्छ । अन्त्यमा, इतिहासद्वारा प्रमाणित एउटा तथ्य के छ भने मार्क्सवादी सिद्धान्तको निर्देशक भूमिका वस्तुगत यथार्थतासम्बन्धी मानिसहरुको ज्ञानलाई गहन पार्नमा र यथार्थतालाई बदल्ने तिनीहरुको संघर्षमा

सहयोग पुऱ्याउनुमा रहेको छ । त्यसको गहन रुपमा र वैज्ञानिक ढंगबाट अध्ययन गर्ने विचारक तथा लेखकहरुले उक्त सिद्धान्तको मद्दतबाट आफूले यथार्थ सामाजिक जीवनलाई राम्ररी बुझ्नसकेको र आफ्नो कार्यमा त्यसलाई अधिक फराकिलो रुपमा प्रतिबिम्बित गर्न सकेको बताएका छन् ।

## अखिल (क्रान्तिकारी) चितवनको संयोजकमा अमित अवीरल

**चितवन ।** नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकार)को चितवन जिल्ला संयोजकमा अमित अविरल निर्वाचित भएका छन् । शनिबार भएको एक भेलाले सहसंयोजकमा रुपक पोखरेल'प्रज्वल'लाई निर्वाचित गरेको छ । संगठनकी ताम्सालिङ संयोजक शिलु न्यौपानेको उपस्थितिमा भएको उक्त भेलाले अमित अविरलको संयोजकत्वमा २५ सदस्यीय जिल्ला समिति निर्माण गरेको हो । भेलामा नेकपा (क्रान्तिकारी माओवादी)का केस सुरेश गौतमलगायतका नेताहरुको उपस्थिति रहेको थियो । अगामी स्ववियु निर्वाचनलाई लक्षित गरी अखिल क्रान्तिकारीले संगठन निर्माण अभियानलाई तीव्रता दिएको छ ।

वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

# वर्तमान नेपाली समाजको अर्थराजनीतिक विश्लेषण


सीतारामा तामाङ

**१) अर्धसामन्ती उत्पादन सम्बन्ध :**

सन् १९३५ देखि विराटनगर लगायत नेपालका पूर्वी तराईमा आधुनिक प्रकारका उद्योगहरु खुल्न थालेपछि (पुँजीवादी उत्पादन सम्बन्धको थालनी) नेपाली समाज सामन्तीबाट अर्धसामन्ती उत्पादन सम्वन्धतर्फ उन्मुख भएको मान्ने राजनीतिक अर्धशास्त्रीहरु पनि छन् तर सन् १९५० पछि सामन्ती उत्पीडनका विरुद्ध ठूलठूला किसान आन्दोलनहरु उठेकाकारण नयाँ शासकवर्गले कृषिभूमिमा सुधार थालेको देखिन्छ। राज्य-रजोटा र विर्ता उन्मूलन लगायत जमिनमा रहेका अन्य प्रकारका सामन्ती सम्वन्धलाई कम्जोर पार्ने कार्यक्रमहरु ल्याईए। तीमध्य १९६४ मा राजा महेन्द्रको भूमि सुधार कार्यक्रमले पुरानो सामन्ती भूमि सम्वन्धलाई केहिहदसम्म खण्डित गरेकोले जोताहा मोही र साना किसानहरुको वृद्धि हुन गएको देखिन्छ।तर त्यसले कृषिमा पुँजीवादी विकासलाई मद्दत गरेन बरु बाधा पुऱ्यायो। त्यो के कद्रराले पद्रष्टिहद्रन्छ भने १९६२ मा ९४ प्रतिशत जनशक्ति कृषिमा सम्लग्न थियो भने १९९० मा ८२ प्रतिशत जनशक्ति सम्लग्न देखियो। कृषिमा पद्रँजीवादी विकास भनेको प्रथम,ः सामन्ती प्रकारको उत्पादन सम्वन्धलाई खत्तम गरी वृहन् स्केलको ब्यवसायिक खेती र औद्योगीकरण; द्धितीय, किसानीबाट जनसंख्याको द्रद्रततर कटौती। सन् १९५० पछि कृषिमा पद्रँजीवादी उत्पादन सम्वन्ध विकास हद्रन थालेको भएपनि १९९० सम्ममा आइपद्रग्दा केही सरकारी कृषि फार्महरु र कृषिजन्म उद्योगहरु स्थापना भएको देखिन्छ तापनि कृषिमा आश्रित जनसंख्याको खासै कटौती हद्रन सकेको देखिदैन। १९९० मा संसदिय व्यवस्था पद्रर्नस्थापना भयो। त्यसपछिको २०१५ सम्म आईपद्रग्दा पनि कृषिमा सक्रिय र आश्रित जनसंख्या ८२ प्रतिशत (सक्रिय ६६ प्रतिशत र अश्रित १६ प्रतिशत) देखिन्छ।

ता.नं .१ (गार्हस्थ्य उत्पादन संरचना / २०७२-०७३)

| श्रमशक्ति (प्रतिशत) | | योगदान (प्रतिशत) | |
|---|---|---|---|
| कृषिमा | ६६.६ | कृषिको | ३१.६ (कृषिव्यावसायको १०५) |
| उद्योगमा | १४.१ | उद्योको | १४.० |
| सेवामा | १९.३ | सेवाको | ५४.४ |
| **जम्मा** | १००.० | **जम्मा** | १००.० |

श्रोतः आर्थिक सर्वेक्षण २०७३/७४, ने.रा. बैंकको प्रकाशन

उक्त तालिकाले एकातिर सामन्ती उत्पादन सम्बन्ध केही खण्डित हुँदैछ भन्ने देखाउँदछ भने अर्कोतिर, पुँजीवादी उत्पादन सम्बन्धले पनि विकास गरिनसकेको अवस्था (कृषि ब्य. १० प्रतिशत) देखाउँदछ। यो अवस्था "सामन्ती र पुँजीवादी अर्थव्यवस्था वीचको संक्रमणकालीन अवस्था हो" (लेनिन)। किनभने "कुनैपनि मुलुकमा पुँजीवादी अर्थव्यवस्था एकैपटक लागु हुन सक्तैन न त सामन्ती अर्थव्यवस्था एकैपटक खत्तमहुन सक्तछ। त्यस्तो वीचमा एकमात्र ब्यबस्था भनेको, स्वभावतः संक्रमण ब्यबस्था नै हो जहाँ सामन्ती र पुँजीवादी, दुवै ब्यवस्थाहरुको विशेषताहरु गाँसिएका हुन्छन्" (lenin; c.w, vol-3,1977:194)। यसलाई नेपाली कम्युनिष्ट आन्दोलनमा "अर्ध-सामन्ती अवस्था" भनिएकोछ। (यसलाई गोविन्द लोहनीले अर्धसामन्ती-अर्धपुँजीवादी अवस्था भनेकाछन्)। यो अवस्था सामन्ती उत्पादन सम्बन्ध भन्दा एक कदम अगाडिको अवस्था हो यसलाई निम्न पुँजीवादी व्यवस्था पनि भनिन्छ। तर नेकपा (एमाले) र (नेकपा मा.के.)ले सन् २००७मा राजतंत्र ढलेपछि नेपाली अर्थतंत्र पुँजीवादी भएको दावी गरेका छन्। यसले नयाँ छलफलको माग गरेकोछ।

**२) पुँजीवादी क्रान्ति सम्पन्न भएको दावी :**

क) ने.क.पा.(एमाले)

सन् १९३५ देखि २००६ सम्म नेपाली समाज अर्धसामन्ती नै रह्यो। ... २००६मा राजतंत्र उन्मूलन भए पश्चात यहाँ सामन्तवाद विघटित भई नेपाली प्रारम्भिक प्रकारको पुँजीवादी समाजमा रुपान्तरित भएकोछ।

संय'क्त राष्ट्र संघको सदस्य र दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठनको (सार्क) सदस्य नेपाल ... एउटा संप्रभ' राष्ट्रका रुपमा आफ्नो सार्वभौम अधिकार प्रयोग गर्दै गइरहेको बेला नेपाललाई "अर्धउपनिवेशी" भन्ने शब्दले संबोधन गर्न' उपय'क्त ह"दैन (नवौं राष्ट्रिय महाधिवेशन, २०७१ असार १९-साउन १, राजनीतिक प्रतिवेदन)।

ख) ए.ने.क.पा. (माओवादी)

अहिले पनि देश हिजोको जस्तै अर्धसामन्ती तथा अर्ध-औपनिवेशिक अवस्थामा नै छ भन्ने कुरा ... बस्तुगत र युगान्तकारी परिवर्तनलाई नदेख्ने र नबुझ्ने यान्त्रिक र मनोगत सोचाइमात्र हो।

आज जनवादी क्रान्तिका बाँकी कार्यभार प'रा गरेर पुर्णता दिने प्रतिवद्धताको अर्थ आर्थिक, राजनीतिक र साँस्कृतिक क्षेत्रमा रहेको सामन्तवादी अवशेषहरुको अन्त्य गर्न' हो (एकताको सातौं महाधिवेशनद्धारा (२०६९) पारित राजनीतिक प्रतिवेदन)।

**३) राज्यसत्ताको अर्थराजनीतिक विश्लेषण**

राज्य भनेको वर्गीय समाजको उपज हो। वर्गहरुको उत्पत्तिकासाथै राज्यको पनि प्रादुर्भाव भएको थियो र वर्गहरुको उन्मूलनपछि राज्य पनि विलाउनेछ। तसर्थ वर्ग विभाजित समाजमा राज्य "एउटा वर्गमाथि अर्को वर्गको आधिपत्य कायम राख्ने यंत्र" हो (लेनिन राज्यकोबारेमा)। उत्पादनका साधनमाथि निजी स्वामित्वमा आधारित समाजमा राज्य सँधै सत्ताधारी शोषकवर्गको तानाशाहीको औजार र शोषित जनतालाई दमन गर्ने एक विशेष शक्ति हुन्छ, चाहे सरकारको रुप कुनै पनि होस्। लेनिनले सन् १८४८-५१ को क्रान्ति र विशेषगरी १८७१को पेरिस कम्युनको अनुभवको आधार मा के निष्कर्ष निकालेका छन्। भने बुर्जुवा राज्यको सम्बन्धमा क्रान्तिमा मजदुर वर्गको मुख्य कार्यभार बुर्जुवा राजकीय संयन्त्रलाई ध्वस्त गर्नु र सर्वहारावर्गको अधिनायकत्व स्थापना गर्नु हो (राज्य र क्रान्ति, १९१७)।

नेपाली समाज अर्धसामन्ती तथा अर्धऔपनिवेशिक अवस्थामा रहेको विश्लेषण गरी "विद्यमान सामन्ती ब्यवस्था र नेपालमाथिको साम्राज्यवादी-पुँजीवादी आधिपत्यलाई पुरैसित खत्तम पार्ने र मजदुर वर्गको नेतृत्वमा मेहनतकश जनताको जनवादी राज्य स्थापना गर्ने" उदेश्य लिएर नेपाली कम्युनिष्ट आन्दोलनको स्थापना भएको थियो (सन् १९४९)। ने.क.पा. (क्रान्तिकारी माओवादी)ले देश अझै अर्धसामन्ती तथा अर्ध/नवउपनिवेशिक अवस्थामै रहेको र पुँजीवादी जनवादी क्रान्तिको कार्यभार पुरा नभएकोले नयाँ जनवादी क्रान्तिको आवश्यकता कायमै रहेको विश्लेषण गरेकोछ। तर दक्षिणपंथी संशोधनवादीहरु, जो पुँजीवादकै क्रमिक विकासबाट समाजवादमा पुग्न सकिने वकालत गर्दछन्, नयाँ जनवादी (समाजवादी) क्रान्ति र सर्वहारावर्गको अधिनायकत्वलाई अस्वीकार गर्दछन्, र श्रमिक वर्गको आन्दोलनलाई सुधारवादमै टुङ्ग्याउन चाहन्छन्। उनीहरुको भनाईछ, "आन्दोलन सबै चिज हो, अन्तिम लक्ष केही होईन" (वर्नस्टिन)। उनीहरु, वास्तवमा, बुर्जुवा संसदवादीहरु हुन्। संसदवाद भनेको बुर्जुवा राज्यको एउटा निश्चित रुप हो र संसद भनेको बुर्जुवा राज्य यन्त्रको एकदमै महत्वपूर्ण साधन हो। संसदवादीहरु बुर्जुवा संसदको घेराभित्रको खेलाडीहरु हुन्।

नेपालमा एमाले र माओवादी केन्द्र संसदवादी पार्टी हुन्। उनीहरुको गन्तव्य भनेको "चुनावदेखि चुनावसम्मको दौड" हो। उनीहरुको काम एउटै छ, "चुनाव लड्ने। त्यसपछि के गर्ने ? फेरी चुनाव लड्ने" (घनश्याम भुसाल, मूल्याङ्कन, जुलाई, २०१६)। यसको सोझो अर्थ हुन्छ संसदवाद अर्थात बुजुवाबर्गको अधिनायकतन्त्रलाई बलियो बनाउने। "यस्तो संस्थाको सरकारको नेतृत्व गरिसकेका पार्टीहरु त्यो संस्थाको विरुद्ध जाने कुरो आउँदैन, बरु पुँजीवादी क्रान्ति पुरा भएको मान्नु उनीहरुको कर्तब्य बन्दछ। तर कम्युनिष्ट अन्तर्राष्ट्रियको दोस्रो महाधिवेशनले (१९२०) निर्देश के गरेकोछ भने क्रान्तिकारी कम्युनिष्टहरु संसदवादी हुँदैनन्, बरु संसदवाद र बुर्जुवा राज्यसत्तालाई ध्वस्त गर्ने उदेश्यले मात्र संसदलाई उपयोग गर्न सक्नेछन्। यस दृष्टिकोणबाट हेर्दा एमाले, मा.के. र ने. का.मा के फर कछ ? तिनटै संसदवादी हुन् केवल पार्टीको ट्रेड मार्फ फरकछ।

**४) नेपाली अर्थतन्त्रको चरित्र निर्धारण**

युरोपमा पुँजीपतिहरुले सामन्तवादका विरुद्ध क्रान्तिकारी भूमिका खेलेका थिए। तर पुँजीवादले एकाधिकारी चरित्र ग्रहण गरेपछि विश्व पुँजीवाद साम्राज्यवादमा परिणत भयो। पुँजीवादले साम्राज्यवादमा विकास गरेपछि प्राक पुँजीवादी मुलुकहरुमा त्यहाँका सामन्तहरुसँग साँठगाँठ गरेर समाजलाई औपनिवेशिक,अर्धऔपनिवेशिक तथा अर्धसामन्ती स्वरुपमा ढाल्ने काम गऱ्यो। र त्यस्ता प्रक-पुँजीवादी मुलुकहरुमा साम्राज्यवादले (र विस्तार वादले) आफ्नो दलालको भूमिका खेल्ने दलाल-नोकरशाही पुँजीपतिवर्गको जन्म दियो र त्यही वर्ग त्यहाँको औद्योगिक पुँजीवादको विकासको(State Capitalism) प्रम'ख वाधक बनेकोछ। तसर्थ सामन्ती, अर्धसामन्ती तथा अर्ध/नव औपनिवेशिक अवस्थाका म'ल'कहरुमा पँ'जीपति वर्गको नेतृत्वमा नभएर सर्वहारावर्गको नेतृत्वमा मजद'र र किसानको एकतामा पँ'जीवादी क्रान्ति प'रागरी समाजतर्फ अघि बढ्ने सिद्धान्त क. माओले प्रतिपादन गरेका ह'न्। त्यसो भए नेपाल जस्तो अर्ध सामन्ती तथा अर्ध/नव औपनिवेशिक अवस्थाको म'ल'कमा साम्राज्यवादी (र विस्तारवादी) शक्तिले जन्माएको दलाल-नोकरशाही पँ'जीपतिवर्गको नेतृत्वमा (प'रानो पँ'जीवादी ब्यवस्था) पँ'जीवादी क्रान्ति प'रा भएको मान्न सकिन्छ ? किमार्थ सकिंदैन।

क. प'ष्पलालले ने.का. लाई पँ'जीवादी पार्टी भनेका ह'न। त्यसैले साम्यवादी र पँ'जीवादी पार्टीहरु मिलेर सामन्तवादको (पञ्चायत) विरुद्ध लड्न' पर्ने उनको नीति बनेको थियो। त्यसैले उनका अन'यायीहरुले पँ'जीपति वर्गको पार्टी ने.का.ले नेतृत्व गरेकोले २००७ सालको राणाशाही विरुद्धको आन्दोलन पँ'जीवादी जनक्रान्ति थियो (श्याम श्रेष्ठ २०१७४), २०४६मा सम्पन्न ऐतिहासिक जनआन्दोलन अर्को पँ'जीवादी क्रान्ति थियो र २०६३/६३ को जनआन्दोलनको आधीवेरीले सामन्तवादको अवशेषको रुपमा रहेको र ाजतन्त्रलाई घ'डाटेकायो। यसरी प'ष्पलालको परिकल्पना र मदनभण्डारीले जवसको ब्याख्या गरेको नेपालको पँ'जीवादी जनवादी क्रान्ति प'रा भयो (विजय पौडेल, २०७२ : ४८८)। एमाले पार्टी र त्यसका पछ'वा नव-मार्क्सवादीहरु के क'रा ब'झ्न चाहाँदैनन् भने विभिन्न चरणमा भएका सामन्तवाद, साम्राज्यवाद विरोधी आन्दोलनले देशमा ठुलो राजनीतिक परिवर्तन ल्याएकोछ। २००७ र २०४६को जनआन्दोलनले सत्ताको मथिल्लो संरचनामा (आधेयमा) खासै परिवर्तन नल्याए पनि राजनीतिक शक्तिहरुको शक्ति शन्त'लनमा क्रमिक फेरबदल ल्याईदिएको थियो। त्यसले ल्याएको परम्परागत राजावादी दरबारिया शक्ति, ब'र्ज'वा प्रतिकृयावादी शक्ति र बामपंथी शक्तिका वीचमा रहेको त्रिकोणात्मक शक्ति सन्त'लनलाई २०६२/६३को विराट जनआन्दोलनले परिवर्तन गरिदियो। दरवारिया शक्ति पराजित भयो। ब'र्ज'वा प्रतिकृयावादी र वाम शक्तिहरु वीचको टक्कर र प्रतिस्पर्धा आमने सामने भयो। अहिले ने.का. दलाल, नोकरशाही पँ'जीपतिवर्ग र सामन्तवादको उदारवादी हिस्सा र मध्यवर्गको दक्षिणपंथी हिस्साको प्रतिनिधित्व गर्दछ। यो पार्टी आमरुपमा देशका प्रतिकृयावादी र विदेशी प्रम'खत्ववाद र साम्राज्यवादका राजनीतिक प्रतिनिधिको रुपमा कियाशीलछ। तसर्थ ने.का. राष्ट्रिय पँ'जीपतिवर्गको नभएर दलाल, नोकर शाही पँ'जीपतिवर्गको उदारपक्षको पार्टी हो। जहाँसम्म राजतन्त्रको उन्मुलनपछि अहिले देखा परेको पुर्वपञ्चका पार्टीहरुछन्, ती दलाल, नोकरशाही पँ'जीपति र सामन्तवर्गको अन'दार पक्षको प्रतिनिधित्व गर्दछन्। यी पार्टीहरुले राजतन्त्रको प'र्नस्थापना र हिन्द'राष्ट्रको पक्षपोषण गर्दै आएका छन्। लोकतान्त्रिक गणतन्त्र र आमुल परिवर्तनका विरोधी यी पार्टीहरु पश्चगमनका पृष्टपोषक ह'न्। यी पार्टीका वर्गीय नेतृत्व ने.का.ले नै गर्दछ।

अनि राजतन्त्रको उन्मुलन पश्चात सामन्तवाद विघटित भई नेपाली समाज पँ'जीवादमा रुपान्तरित भएको भनिएकोछ, के राजतन्त्र उन्मुलन ह'दैमा सामन्तवाद विघटित भैहाल्छ ? चीनमा सन् १९११मा र ाजतन्त्र उन्मुलन गरियो तर सामन्तवाद १९४९ पछिमात्र विघटित ह'न प'ग्यो। हो, नेपालमा राजतन्त्र उन्मुलन भएकोछ तर सामन्तवाद विघटित भएको छैन र हँ'दैन पनि ! बरु के क'रो सत्य हो भने नेपालमा राजतन्त्र रहँदासम्म दलाल-नोकरशाही पँ'जीपति वर्गले र ाजतन्त्रसँग साँठगाँठ गरी त्यसैको अधिनस्थ रही काम गरेको थियो। राजतन्त्र ढलेपछि क'रो उल्टो भएकोछ। सामन्तवाद कमजोर भएकोछ र दलाल पँ'जीपति हावी भएकोछ। अब दलाल-नोकरशाही वर्गको अधीनस्थ रहेर सामन्तवर्गले काम गर्न' पर्दछ।

साम्राज्यवादी (र विस्तारवादी) शक्तिले दलाल-नोकरशाही वर्गको प्रतिनिधित्व गर्ने राजनीतिक शक्तिहरुलाई अहिले प्रम'ख भुमिकामा ल्याएकोछ। ज'नस'कै विचार र राजनीतिको खोल ओढेको भए पनि तिनीहरु सारमा दलाल-नोकर शाही पँ'जीपति वर्गकै सेवा गर्ने पार्टीहरु ह'न। विदेशी प्रभुहरुको आदेश तामिली गर्ने क'रामा यिनीहरुका वीच मतैक्य रहन्छ। तसर्थ नै नयाँ जनवादी क्रान्ति त्यसका विरुद्ध लक्षित रहन्छ।

**५) राजनीतिक सापटीलाई परिवर्तनको आधार मान्ने गलत चिन्तनः**

अहिलेको विश्वमा पुँजीवादी प्रणालीले नेतृत्व गरेको मुलुकहरुको राजनीतिक, आर्थिक र सास्कृतिक चरित्रहरुले प्राक-पुर्जीवादी वा विकासशील मुलुकहरुमा प्रभाव पारेको हुन्छ जस्तो कि बुर्जुवा संसदवादी रानीतिक परिपाटी, बालीग मताधिकारमा आधारित निर्वाचन प्रणाली, स्वतन्त्र न्यायप्रणाली, सम्पत्तिमाथि व्यक्तिगत स्वामित्व, वाक तथा प्रकाशन स्वतन्त्रता, आदि। व्रिटिश साम्राज्यको संरक्षणमा चलेको राणा शाहीका विरुद्धको संघर्ष भारतमा व्रिटिश शासन हटे पछि भारतीय स्वतन्त्र संग्रामको प्रभाव र भारतका नयाँ शासकहरुको निर्देशनमा भएको थियो। भारतबाट अंग्रेज शासन त गयो तर भारतीय नेताहरुसँग आफ्नो कुनै प्रजातान्त्रिक भनिने शासनप्रणाली थिएन। त्यसैले व्रिटेनमा चलेकै वेष्ट मिनिष्टरियल शासन प्रणाली आयात गऱ्यो र त्यसैलाई भारतको प्रजातान्त्रिक व्यवस्था भनि स्वीकार गऱ्यो। भारतको अनुशरण गरेर नेपालले पनि व्रिटिश संसदीय मोडेल नै अपनायो। तर भारतकै समर्थनमा राजा महेन्द्रले व्रिटिश संसदीय प्रजातन्त्रलाई २०१७ सालमा धराशायी बनाए। भारतका विस्तारवादी शासकले महेन्द्रको पञ्चायती प्रजातन्त्रलाई समर्थन गरेको कारण ३० बर्षसम्म चल्यो। संसदीय निर्वाचन प्रणाली वाहेक पञ्चायतको संविधानमा सबै कुरा थियो जसलाई नव मार्क्सवादीहरुबाट पुँजीवादका आधारहरु भनिएका छन्। पुँजीवादी राज्यले जस्तै प्राथमिकता र जोड दिएर पञ्चायतले अनेकौं कानुन, नीति र कार्यक्रम बनाएको थियो। त्यस प्रकारको कानुन, नीति र कार्यक्रम मान्नेहरुले पञ्चायतको विरोध किन गर्नु परेको थियो। भारतका विस्तार वादी शासकहरुले निर्देशन गरेकोले ? २०४६ सालमा पञ्चायत गयो र राजतन्त्रात्मक बुर्जुवा संसदीय प्रजातन्त्र पुन स्थापना भयो। फेरी २०४७ मा ... बाँकी ७ पेजमा

◆ झर्रोटर्रो कैलुब्राह

## विज्ञापन

यतिखेर माकेका सुप्रिमोको नेतृत्वमा बनेको ककटेल सरकारले ग्रेट विज्ञापन खोलेको छ। लोकसेवा आयोग, शिक्षासेवा आयोग, न्यायसेवा आयोग जस्तै सरकार पनि संविधानकै एउटा आयोग भएकाले बेलाबेलामा यसले पनि जागिरका लागि विज्ञापन खोल्ने काम गर्छ। अहिले मन्त्रीको जागिर खुलेको छ। सरकारलाई बलियो बनाउन र बहुमतीय भूकम्प रोक्नका लागि भूकम्प प्रतिरोधी सरकार बनाउने उद्धेश्यले विज्ञापन खोल्नु परेको कुरा सरकारले आफ्नो विज्ञप्तीमा जनाएको छ। बेलाबखत प्रभु र महाप्रभुहरू रिसाएर सरकारमा भूकम्प ल्याइदिने र सरकार गल्र्याम्म ढालिदिने भएकाले भूकम्प प्रतिरोधी सरकार बनाउन आवश्यक भएको सरकार पुनर्निर्माण प्राधिकरणका कार्यकारी प्रमुख प्रम सुप्रिमोले बताए। प्रभुहरूले दलहरूलाई अदलाबदली गरिदिने र सरकार ढाल्दै नयाँ नयाँ सरकार बनाइदिइराख्ने भएकाले त्यसलाई रोक्न विज्ञापन खोल्नु परेको विज्ञप्तीमा जनाइएको छ। अहिलेको सरकार विशेष अवस्थामा विगतमा टाउकाको मोल तोक्ने र तोकिमाग्नेका बीचमा वैचारिक एकता कायम गराई बनेको सरकार भएकाले यसलाई केही समय दीगो राख्नु पर्ने भएका कारण मन्त्रीमण्डल विस्तार गर्नु पर्ने आवश्यकता भएको सरकारका प्रवक्ता कार्कीसावले झर्रोटर्रोलाई बताए।

पुस २७ मा प्रेत राजाको जन्मदिनमा आयोजित पञ्चप्रेतहरूको पार्टीले राखेको जलपान कार्यक्रममा सुप्रिमोले सरकार विस्तारका लागि पञ्चप्रेतहरूसँग विशेष परामर्श गरेका थिए। त्यसपछि बसेको मन्त्रीहरूको भत्ताबैठकमा प्रेत राजाकै स्वप्ननिर्देशनका आधारमा सर्बदलीय एकता कायम गर्न सरकार विस्तार गर्नुपर्ने आवश्यकताका बारेमा प्रमले ब्रिफिङ गरेका थिए। सोही बमोजिम जारि गरिएको विज्ञापन यस झर्रोटर्रो कार्यालयमा विशेष अनुरोधका साथ प्रकाशित गर्न निर्देशन भई आएकाले यहाँ उक्त विज्ञापन प्रकाशित गरिएको हो।

विज्ञापन यसप्रकार जस्ताको तस्तै प्रकाशित गरिएको छ।

आवश्यकता : आवश्यकता : आवश्यकता

विज्ञापन नं. : ५९५/२०७३/०७४

पद : मन्त्री।

तह : उपप्रधान मन्त्रीदेखि मन्त्री, राज्यमन्त्री र सहायक मन्त्रीसम्म (बहालवाला उपहरूको रोलक्रममा दखल नहुनेगरी)।

योग्यता : कुनै राजनीतिक दलबाट सांसद भएको मात्र। दल खारेज भएका, कारवाही परेका र भ्रष्टाचारमा विशेष दखल भएकालाई विशेष प्राथमिकता दिइनेछ।

तलब भत्ता : कानूनले तोके बमोजिम। यस अतिरिक्त आफ्नो भागमा पर्ने मन्त्रालयबाट सकेजती बजेट इधरउधर पारेर आफ्नो पकेट क्षेत्रमा छुट्याई आआफ्ना दलका रैतीहरूलाई बाँडचुँड गरी कुम्ल्याउन पाइने।

अन्य सुविधा : विदेश भ्रमण, एनजिओ आइएनजिओका कार्यक्रम र सेमिनारहरूमा दिनहुँ सहभागी हुन पाइने। विभिन्न विहे, भोज, वर्थडे, भुतप्रेतहरूका जन्मदिनमा विशेष अतिथि हुन पाइने। ट्वाइलेटदेखि कुलानाला, ढल, भैँसीपूजा बिग्रेभत्केका घरहरूको शिलान्यास, एउटा पुस्ताबाट सुरुगरी तेस्रो पुस्तामा पनि सम्पन्न भइनसक्ने महाविकासे झोले आयोजनाहरूको शिलान्यास गर्न आदि इत्यादिको उद्घाटनमा सहभागि हुन विशेष व्यवस्था।

परीक्षाको किसिम : दुई पक्षीय भेटवार्ता र सम्झौता।

शर्त : सरकारले पेश गर्ने जुनसुकै विधेयकमा आँखा चिम्लियर ल्याप्चे ठोक्नु पर्ने। सरकारको हितमा हुने जस्तोसुकै राष्ट्रघाती सन्धि सम्झौताको जमेर वकालत गर्नुपर्ने।

फाराम दस्तुर : निःशुल्क। आवश्यक परे सरकारले खर्चपर्च दिन सक्नेछ।

फाराम भर्ने मिति : विज्ञापन खोलेको मितिदेखि सरकार नढल्दासम्म चौविसै घण्टा खुल्ला रहनेछ। सकेसम्म मध्यरातमा भए अति उत्तम मानिने छ।

आवश्यक कागजातहरू : क) औपचारिक शिक्षाको आवश्यकता नपर्ने।

ख) नेपाली नागरिकता थान १, (सकेसम्म अङ्गिकृतलाई पहिलो प्राथमिकता दिइने छ। र दुईतीन वटा नागरिकता भएमा अति उत्तम।)

ग) महामहिम प्रभुहरूबाट प्राप्त साठीपिकेट थान १।

घ) अख्तियारले डामेका प्रमाणहरू भएमा थान १ (अनिवार्य नभएको)।

फाराम बुझाउने स्थान : प्रमको कार्यालय सिंहदरबार वा निवास बालुवाटार वा दक्षिणी प्रभुको दुतावास लैनचौर।

९ पुस २०७३

kailubraha73@gmail.com

दर्शन

# मार्क्सवाद–लेनिनवाद–माओवादका सन्दर्भमा

"मार्क्सवाद ज्ञानका अनेक शाखाहरूबाट बनेको छ, मार्क्सवादी दर्शन, मार्क्सवादी अर्थशास्त्र र मार्क्सवादी समाजवाद अर्थात् वर्ग संघर्षको सिद्धान्त, तर जग चाहिँ मार्क्सवादी दर्शन हो। यदि त्यसलाई मनन् गरिदैन भने हाम्रो एउटा साभा भाषा वा कुनै साभा तरिका हुनेछैन; हामी चीजहरूलाई स्पष्ट नगरिकन यताउताको कुरा उठाई तर्क मात्र गरिरहेका हुनेछौं। द्वन्द्वात्मक भौतिकवादलाई मनन् गरी सकेपछि, थुप्रै दुःख कष्टबाट जोगिने छ र धेरै गल्तीहरू हट्ने छन्।"

(माओत्सेतुङ, चुनिएका रचनाहरू अंग्रेजी संस्करण भाग ५, पृष्ठ १६०।)

मार्क्सवाद-लेनिनवाद-माओवाद विश्वसर्वहारा वर्गको युक्तिको पथप्रदर्शक सिद्धान्त हो। मालेमावाद संसार बदल्ने बैचारिक हतियार हो। आज मालेमावादलाई आफ्नो जीवनपद्धतिका रूपमा ग्रहण नगरिकन कोही पनि सच्चा क्रान्तिकारी कम्युनिष्ट बन्न सक्दैन।

मार्क्सवाद गतिशील सिद्धान्त हो। मार्क्सवाद विज्ञान भएका नाताले यो समय र परिस्थितिको गतिसँगै सिर्जनात्मक रूपमा विकसित हुँदै आएको छ।

आज मार्क्सवाद एक्लो छैन। आज मार्क्सवादको गुणात्मक विकासको दोस्रो चरण हो भने मार्क्सवादको गुणात्मक विकासको तेस्रो र नयाँ चरण माओवाद हो र यो निरन्तर सिर्जनात्मक रूपमा विकासको गतिमा छ।

मालेमावादको रक्षा, प्रयोग र विकासको प्रश्न ज्यादै महत्वपूर्ण सवाल हो। यस विषयमा तल अलग्गै चर्चा गरिने छ। कार्ल मार्क्स (मे ५ सन् १८१८ - मार्च १४ सन् १८८३) र फ्रेडरिक एंगेल्स (नोभेम्बर २८ सन् १८२० - अगस्त ६ सन् १८९५) मार्क्सवादका प्रवर्तक हुनुहुन्छ। उहाँहरूले सन् १८४८ फेब्रुअरीमा विश्वविख्यात कम्युनिष्ट घोषणापत्र जारी गर्नु भयो। यो नै विश्वसर्वहारा वर्गको मुक्तिको सिद्धान्त बन्न पुग्यो।

मार्क्सवाद एक वैज्ञानिक सिद्धान्त हो। मार्क्सवाद सर्वहारा श्रमजीवी वर्गको मुक्तिको सिद्धान्त र उसको विश्वदृष्टिकोण हो। मार्क्सवादले जीवन र जगत मार्क्सवादले जीवन र जगतलाई द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवादीढंगले हेर्ने, बुझ्ने, व्याख्या गर्ने र संसारको परिवर्तनको निम्ति बाटो देखाउने काम गर्ने भएकाले यो सर्वहारा श्रमजीवी वर्गको मुक्तिको सिद्धान्त बन्न पुगेको हो। मार्क्सवादी जीवन र जगतको अध्ययन गर्ने एक वैज्ञानिक पद्धति पनि हो। यसले प्रकृति, जीवन, समाज र चिन्तनका चालक वा आम नियमहरूको अध्ययन गराउने र संसारलाई जस्तो छ त्यस्तै यथार्थरूपमा बुझ्ने, बुझाउने एवं संसारलाई परि वर्तन गर्ने तरीकाहरूको बोध गराउने काम गर्दछ।

मार्क्सवादी दर्शन द्वन्द्वात्मक भौतिकवादी दर्शन हो। मार्क्सवाद द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी विश्व दृष्टिकोणमा आधारित छ। मार्क्सवादी दर्शनका दुई भाग छन्- द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवाद। मार्क्सवादी दर्शनको विकास मानव चिन्तनको उज्ज्वल तथा प्रगतिशील परम्परालाई आत्मसात गरेर भएको हो। यस विषयमा भि.आई. लेनिनले भन्नुभएको छ- "मार्क्सवादको जन्म विश्व सभ्यताको अनजान गल्तीबाट भएको होइन। मार्क्सवादी दर्शन अतीतकालमा सर्वाधिक प्रगतिशील मतहरू, सिद्धान्तहरू र विचारधाराहरूको प्रत्यक्ष सिलसिला हो।"

(लेनिन, संकलित रचनाहरू, भाग १९, पृ. २५)

वर्गीय समाजमा प्रत्येक दर्शन वर्गदर्शन र हने कुरा मार्क्सवादी दर्शनको सम्बन्धमा पनि लागु हुन्छ। मार्क्सवादी दर्शन पनि एउटा वर्गदर्शन हो तर यो अन्य दर्शनहरूभैं अल्पसंख्यकहरूको, शोषणहरूको दर्शन नभएर बहुसंख्यक सर्वहार हरूको दर्शन हो। यसलाई स्टालिनले मार्क्सवादी लेनिनवादी पार्टीको विश्वदृष्टिकोणको रूपमा परि भाषित गर्नुभएको छ। मार्क्सवादी दर्शनको उत्पत्ति ऐतिहासिक आवश्यकताबाट भएको हो। विश्व र ाजनीतिक रंगमञ्चमा एक स्वाधिन शक्तिको रूपमा देखापरेपछि सर्वहारावर्गको लागि एक साँच्चिकै वैज्ञानिक दर्शनको खाँचो पर्न गयो, त्यो एक प्रकार को ऐतिहासिक आवश्यकता थियो। जसको परिपूर्ति मार्क्सवादी दर्शन अर्थात् द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवादी दर्शनले गऱ्यो। अतः एक पूरै वैज्ञानिक दर्शनको रूपमा मार्क्सवादी दर्शनले पुरानो पूँजीवादी विश्वको विनाश र नयाँ साम्यवादी विश्वको सिर्जनाको लागि अर्थात् विश्वको आमूल रूपान्तरणको लागि जब्बर सैद्धान्तिक जग प्रदान गरेको छ। अर्थात् विश्वको क्रान्तिकारी रूपान्तरण गर्ने ऐतिहासिक जिम्मेवारी बहन गरेको सर्वहार ावर्गको प्रयासलाई मार्क्सवादी दर्शनले सैद्धान्तिक, न्यायोचितता आधार र निर्देशन प्रदान गरेको छ। त्यसमा विश्वसर्वहारा वर्गले संसारलाई ठीकसित बुझ्ने र त्यसलाई फेर्ने एक अचूक बौद्धिक अस्त्र भेटाएको छ। यस विषयमा लेनिनले यसरी दर्शाउनुभएको छ- "मार्क्सको दर्शन एउटा यस्तो परिपूर्ण दार्शनिक भौतिकवाद हो, जसले मानव जातिलाई र खासरूपले मजदुरवर्गलाई ज्ञानका शक्तिशाली औजारहरू प्रदान गरेको छ।"

(लेनिन, संकलित रचनाहरू, भाग १९, पृ. २५)

जसले जीवन र जगतलाई फेर्न चाहन्छ, विद्यमान यथार्थतालाई फेरेर नयाँ यथार्थताको निर्माण गर्न चाहन्छ, त्यसले संसारलाई बुझ्नुपर्दछ। त्यसलाई फेर्ने तरीका जान्नुपर्दछ। यही सामर्थ्य मार्क्सवादी दर्शनले उसलाई दिन्छ। मानव समाजमा सर्वहारा वर्ग सबैभन्दा ठूलो शक्तिशाली वर्ग हो, यस वर्गको लागि दर्शनको कत्रो महत्व रहेको हुन्छ भन्ने कुरालाई स्वयं कार्ल मार्क्सले यसरी व्याख्या गर्नुभएको छ- "जसरी दर्शनले सर्वहारा वर्गमा आफ्नो भौतिक हतियार भेटाउँछ, त्यसरी नै सर्वहारावर्गले दर्शनमा आफ्नो बौद्धिक हतियार भेटाउँछ।"

(मार्क्स-एङ्गेल्स, संकलित रचनाहरू, भाग ३, पृ. १८७)

आज मार्क्सवादको मार्क्सवाद-लेनिनवाद-माओवादमा जुन विकास भएको छ, यस विषयमा यहाँ संक्षिप्त रूपमा चर्चा गर्ने कोसिस गरिएको छ।

माथि पनि उल्लेख गरिएको छ, मार्क्सवाद सर्वहारावर्गको मुक्तिको सिद्धान्त हो। मार्क्सवादको दर्शन द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी दर्शन हो। यस दर्शनको सिद्धान्त भौतिकवाद हो। यस दर्शनले पदार्थ, प्रकृति वा सामाजिक सत्तालाई पहिलो र चेतना, विचार वा सामाजिक चेतनालाई दोस्रो स्थानमा राख्द छ। मार्क्सवादी दर्शनले वस्तुगत जगतको आत्मिक प्रतिबिम्बन मान्दछ र विश्वलाई बोधगम्य बताउँछ। यस दर्शनको पद्धति द्वन्दवाद हो।

मार्क्सवादको बारेमा मोहन वैद्य किरण अगाडि लेख्नु हुन्छ - "मार्क्सवाद सर्वहारा क्रान्तिको विज्ञान हो। द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद, अतिरिक्त मूल्यको सिद्धान्त, वर्ग संघर्ष तथा इतिहासमा बल प्रयोगको भूमिका र बैज्ञानिक समाजवाद तथा साम्यवाद यसका आधारभूत मान्यता हुन्।" (मोहन वैद्य 'किरण', मार्क्सवादी दर्शन, पृ. ५६)

मार्क्सवादका आधारभूत मान्यता र सिद्धान्त तथा यसको विकासका बारेमा कमरेड मोहन बैध किरणले गरेको विश्लेषण सही छ।

'ठोस परिस्थितिको ठोस विश्लेषण नै मार्क्सवादको आत्मा हो' भन्नु हुने भी.आर्क. लेनिनले मार्क्सवादको गुणात्मक विकासको दोस्रो चरणमा लेनिनवादको प्रतिपादन गरेर मार्क्सवादको ज्ञानभण्डारमा थप योगदान पुऱ्याउनु भयो। यस विषयमा क. मोहन वैध किरण अगाडि लेख्नु हुन्छ - "मार्क्सवादको गुणात्मक विकासको दोस्रो चरण लेनिनवाद हो। पुँजीवादले सम्राज्यवादमा प्रवेश गर्नु, उत्पादक शक्ति, सर्वहारा आन्दोलन तथा ज्ञान विज्ञानका क्षेत्रमा थप प्रगति हुँदै जानु र यस



हस्तबहादुर केसी

प्रकारको नयाँ परिस्थिति अनुरूप मार्क्सवादलाई नयाँ उँचाइमा विकसित गर्नु पर्ने ऐतिहासिक आवश्यकताका बीचबाट लेनिनवाद जन्मियो।"

(मोहन वैद्य 'किरण', मार्क्सवादी दर्शन, पृ. ५७)

महान लेनिनद्वारा लेनिनवादको प्रतिपादनबारे क. मोहन वैध किरणले गर्नु भएको विश्लेषण सही छ।

मार्क्सवाद-लेनिनवादको ऐतिहासिक विकासका क्रममा एक ऐतिहासिक आवश्यकताले क. माओ (२६ डिसेम्बर १८९३ - ९ सेप्टेम्बर १९७६) द्वारा मार्क्सवाद-लेनिनवादको गुणात्मक विकासको तेस्रो र नयाँ चरणमा माओवादको प्रतिपादन हुन पुग्यो र मालेमावाद विश्वसर्वहारा वर्गको मुक्तिको पथप्रदर्शक सिद्धान्त बन्न पुग्यो। यस विषयमा कमरेड मोहन वैध किरण पुनः अगाडि लेख्नु हुन्छ मार्क्सवाद-लेनिनवादको गुणात्मक विकासको तेस्रो र नयाँ चरण माओवाद हो। सामन्तवादी-साम्राज्यवादी शोषणको दोहोरो उत्पीडनबाट आक्रान्त अविकसित देशहरूका क्रान्तिका समस्याहरूको समाधान गर्नु पर्ने, स्तालिनको मृत्यु पश्चात रुस एवं पूर्वी युरोपका कैयौं देशहरूमा पुँजीवादको पुनस्थापनाका कारणहरूको खोज गरी त्यसबाट शिक्षा लिनु पर्ने तथा त्यसबाट उत्पन्न समाजवादी समाजका अन्तर्विरोधहरूको समाधान गर्नु पर्ने र आधुनिक संशोधनवादका विरुद्धको लडाई लड्नु पर्ने ऐतिहासिक आवश्यकताकाको पृष्ठभूमिमा मालोद्वारा मार्क्सवाद-लेनिनवादको पृष्टभूमिमा थप परिमार्जन तथा विकास गरि त्यसलाई मार्क्सवाद-लेनिनवाद-माओवादको तेस्रो, नयाँ र गुणात्मक उँचाइमा पुऱ्याउने काम भयो।"

(मोहन वैद्य 'किरण', मार्क्सवादी दर्शन, पृ. ५९)

माओवादको क.माओद्वारा प्रतिपादन गरि एको बारेमा क. मोहन बैध किरणले गर्नु भएको विश्लेषण बारेमा क. मोहन बैध किरणले गर्नु भएको विश्लेषण वस्तुवादी तथा वैज्ञानिक दुवै सावित हुन पुगेको छ।

अतः यसरी आज अन्तर्राष्ट्रिय सर्वहारा वर्गको हातमा एउटा सार्वभौम सिद्धान्तको सिंगो अभेद्य इकाइको रूपमा मार्क्सवाद-लेनिनवाद-माओवाद रहन पुगेको छ। साथै माओवादलाई आजको विश्वको मार्क्सवाद-लेनिनवादका ग्रहण नगरिकन कोही पनि, काही पनि सच्चा क्रान्तिकारी कम्युनिष्ट बन्न सक्तैनन् भन्ने व्यवहारमै पुष्टि हुन पुगेको छ। आज मार्क्सवाद-लेनिनवाद-माओवादमाथि दक्षिणपन्थी संशोधनवादीहरू, नवसंशोधनवादीहरू, उत्तर आधुनिकतावादीहरू र नवमार्क्सवादीहरूबाट भीषण आक्रमण भइरहेको छ। अर्थात् सबै प्रकारका रूप र रंगका संशोधनवादीहरूले मालेमावादमाथि भीषण आक्रमण गरेर मालेमावादलाई भ्रष्टिकरण गर्ने बहुत ठूलो कसरत भइरहेको छ। अतः मालेमावादको र क्षा, प्रयोग र विकासको प्रश्न शीर्षक अन्तर्गत रहेर यस विषयमा आवश्यक छलफल गर्ने प्रयत्न गरि एको छ।



> **आज मार्क्सवाद-लेनिनवाद-माओवादमाथि दक्षिणपन्थी संशोधनवादीहरू, नवसंशोधनवादीहरू, उत्तर आधुनिकतावादीहरू र नवमार्क्सवादीहरूबाट भीषण आक्रमण भइरहेको छ। अर्थात् सबै प्रकारका रूप र रंगका संशोधनवादीहरूले मालेमावादमाथि भीषण आक्रमण गरेर मालेमावादलाई भ्रष्टिकरण गर्ने बहुत ठूलो कसरत भइरहेको छ। अतः मालेमावादको रक्षा, प्रयोग र विकासको प्रश्न शीर्षक अन्तर्गत रहेर यस विषयमा आवश्यक छलफल गर्ने प्रयत्न गरिएको छ।**

मालेमावादको रक्षा, प्रयोग र विकासको प्रश्न

मालेमावादको अध्ययन गर्ने नाममा विभिन्न रूपरंग धारण गरेका तमाम प्रकारका अवसर वादी, विसर्जनवादी तथा संशोधनवादीहरूले मालेमावादको अपव्याख्या गर्ने, मालेमावादको अन्तर्वस्तुको तोडमोड गर्दै आएका छन्। यस विषयमा सच्चा मालेमावादी क्रान्तिकारीहरूले सावधानी अपनाउन जसरी हुन्छ।

मार्क्सवादको सिर्जनात्मक प्रयोगका नाममा तमामखाले अवसरवादी तथा विसर्जनवादीहरूले मालेमावादको अपव्याख्या गर्ने मालेमावादको अन्तरवस्तुहरूको तोडमोड गर्ने कार्य गर्दै आएका छन्। नेपालमा पनि मदन भण्डारीले मार्क्सवादको सिर्जनात्मक प्रयोग गर्ने भन्दै नयाँ जनवादमा "बहुलवाद" घुसाएर नयाँ जनवादी क्रान्तिको कार्यक्रमको ठाउँमा पूँजीवादी संसदवादी "जनताको बहुदलीय जनवाद" पारित गराएका थिए। त्यस्तै मालेमावादको अध्ययन गर्ने नाममा डा. बाबुराम भट्टराईले "आजको मार्क्सवाद र साम्राज्यवाद" भन्दै समग्र मालेमावादका अन्तर्वस्तुहरूको तोडमोड गर्दै आफैं मालेमावादबाट विसर्जित हुन पुगेका छन्।

मार्क्सवादको अध्ययनका नाममा मालेमावादलाई नै तोडमरोड गर्ने अवसर बदीतथ सारा संशोधनवादीहरूबाट मालेमावादको रक्षा गर्न जरुरी हुन्छ। मालेमावादको रक्षा, विकास र प्रयोग त दुइलाइन संघर्ष र भीषण वर्ग संघर्षको माध्यमबाट मात्र गर्न सकिन्छ।

सिद्धान्तको वास्तविक विकास त्यसको सिजनशील प्रयोगमा आधारित हुने कुरालाई भुल्नु हुदैन। सिद्धान्तको प्रयोग यान्त्रिक रूपमा होइन, हरेक देशको ठोस परिस्थिति, विशिष्टता र मौलिकतामा आधारित हुनु पर्दछ। अतः कुनै पनि मुलुकमा सिद्धान्तको प्रयोग गर्दा यान्त्रिकता र अध्यानुकरण नभई सिर्जनशीलता र सम्वन्धित देशको विशिष्टतामाथि ध्यान दिनु पर्ने हुन्छ। विदेशी प्रतिनिधिहरूसित कुराकानी गर्ने सिलसिलामा चिनी क्रान्तिका अनुभवहरूमाथि ध्यान दिँदै माओत्सेतुङले अगाडि भन्नु हुन्छ- "चिनी क्रान्तिको अनुभव अर्थात् ग्रामीण आधार इलाकाहरूको निर्माण गाउँबाट सहरलाई घेर्ने र पूर्ण रूपमा शसहरूमाथि कब्जा गर्ने काम तपाईंहरूमध्ये धेरैजसो मुलुकहरूमा लागु नहुन सक्छ। यद्यपि यसले तपाईंहरूलाई सन्दर्भका रूपमा काम दिन सक्छ। म तपाईंहरूलाई चिनिया क्रान्तिका अनुभवहरूलाई यान्त्रिक रूपमा नक्कल नगर्न सल्लाह दिन चाहन्छु। कुनै विदेशी मुलुकको अनुभवको केवल सन्दर्भको रूपमा काम दिन सक्छ र त्यसलाई जडसूत्रका रूपमा ग्रहण गर्नु हुँदैन। मार्क्सवाद-लेखिनवादको सर्वाभौम सत्य र तपाईंहरूका आफ्नै देशहरूका ठोस परिस्थितिका बिचमा एकरूपमा कायम हुनुपर्दछ।" (माओ त्सेतुङ, संकलित रचना, भाग ५, पृ. ३२६)

हाम्रो देशको लागि माओको यी भनाइहरू बढी मननयोग्य छन्। मार्क्सवादको सिर्जनात्मक प्रयोग र सैद्धान्तिक विकासका लागि द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादलाई दृढतापूर्वक अवलम्बन गर्नु पर्दछ।

हामीले अध्ययन गर्नु पर्ने कुन कुरा महत्वपूर्ण हो भन सिद्धान्तको संशोधन र परि त्यागको परिघटनालाई (जस्तो बाबुराम भट्टर ाईले मार्क्सवादको परित्याग गरेको घटनालाई पनि उदाहरणमा लिन सकिन्छ। सामान्य अर्थमा होइन, संशोधनवादी परिघटनाका अर्थमा ग्रहण गर्नु पर्ने हुन्छ। यस प्रकारको संशोधनवाद दक्षिण, मध्य र उग्र जुनसुकै रूपमा पनि देखा पर्न सक्छ। यहाँनेर हामीले जान्ने पर्ने कुरा के हो भने आजको साम्राज्यवाद र सर्वहारावर्ग बिचको भीषण संघर्षको युगमा संशोधनवाद खुला रूपमा भन्दा छदम रूपमा प्रकट हुने गर्दछ। जस्तो एमाओवादी हुदैँ माओवादी केन्द्रसम्म आइपुग्दा प्रचण्ड रूपी छदम संशोधनवादलाई उदाहरणको रूपमा लिन सकिन्छ। कुरा क्रान्ति गर्ने तर व्यवहार प्रतिक्रान्तिकारी गर्नेलाई छद्म संशोधनवादी भनिन्छ।

अतः मार्क्सवादको विकास संघर्षका बिचबाट हुने गर्दछ। त्यसो भएर नै मार्क्सवादी दर्शनलाई संघर्षको दर्शन भनिन्छ। यी माथि उल्लेखित विषयवस्तुहरूको अध्ययन हामीले वैज्ञानिक (द्वन्द्वात्मक) पद्धतिको आधारमा अध्ययन गर्दै अगाडि बढ्यो भने हामीले यी चीजलाई सही ढंगले पकडन सक्छौं र ठिक ठाउँमा पुग्न सक्छौं।

दक्षिणपन्थी संशोधनवादीहरू नवसंशोनधनवादीहरू, उत्तर आधुनिकतावादी, नवमार्क्सवादीहरू र सबै रंग र रूपका संशोधनवादीहरूद्वारा मालेमावादमाथि भीषण आक्रमण र तोडफोड भइरहेको सन्दर्भमा मूलतः दक्षिणपन्थी संशोधनवाद नै महान नेपाली नयाँ जनवादी क्रान्तिका लागि मुख्य बाधक बनिरहेको वर्तमान परिस्थितिमा नेपालको सन्दर्भमा मालेमावादको कसरी प्रयोग, रक्षा र विकास गर्ने भन्ने सवाल ज्यादै जटिल बन्न पुगेको छ। यसलाई परास्त गर्न व्यापक रूपमा छलफल र बहस गर्न अनिवार्य आवश्यकता बन्न गएको छ।

मार्क्सवादको अध्ययन गर्ने र समग्रमा मालेमावादको अध्ययन मात्रै होइन। त्यसलाई जीवन व्यवहारमा लागु गर्ने जो कोहीलाई पनि मालेमावादको आधारभूत सिद्धान्तको ज्ञान हुनै पर्दछ।

मार्क्स-एँगेल्सले वैज्ञानिक अनुसन्धान गरेर मार्क्सवादको प्रतिपादन गर्नु भयो। लेनिन माओले मार्क्सवादलाई समृद्ध पार्न महत्वपूर्ण योगदान गर्नु भयो। अहिले सिंगो मालेमावाद माथि दक्षिणपन्थि संशोधनवादीहरू, नवसंशोधनवादीहरू उत्तर आधुनिकता वादी र नवमार्क्सवादीहरूबाट भीषण आक्रमण भइरहेको छ। यिनीहरूको आक्रमणले प्रतिक्रान्तिकारीहरूलाई बलियो तुल्याई रहेको छ भने क्रान्तिकारी मालेमावादीहरूलाई रक्षात्मक स्थितिमा पुऱ्याईदिएको विश्व कम्युनिष्ट आन्दोलन नै रक्षात्मक स्थितिमा पुगेको छ।

आजको युग साम्राज्यवाद र सर्वहारा वर्गबीचको भीषण वर्गसंघर्षको युग हो विश्व साम्राज्यवादीलाई परास्त गरि वैज्ञानिक समाजवादको स्थापनाको लाग सबै खाले रंग र रूपका संशोधनवादीहरूलाई वैचारिक रूपमा परास्त गर्ने जिम्मेवारी आज क्रान्तिकारी मालेमावादीहरूको काँधमा आएको छ।

## अभियान र ...

समाजवादी क्रान्ति सम्पन्न गऱ्यो भन्ने ऐतिहासिक अनुभवबाट गम्भीर शिक्षा लिनु आवश्यक छ ।

प्रतिक्रान्तिका वास्तविक कारण पत्ता लगाएर ती कारणहरुको चिरफार गर्ने, तिनलाई पराजित गर्ने कामको यतिखेर ठुलो महत्व छ । सँधैभरि निराशा, पलायन र हतोत्साहका कथाहरु मात्र सुनाउने होइन कि अब फेरि क्रान्तिकारी उत्साह, साहस र सकृयता पैदा गराउने काम गर्नु आवश्यक छ ।

**स्थति फेरिएको छ**

माथि निराशा, हतोत्साह र पलायनको स्थितिको जुन चर्चा गरियो, त्यसमा विस्तारै परि वर्तन आउँदै गएको छ । यसको मुख्य कारण के हो भने संसदीय मूलधारका पार्टीहरु- नेपाली कांग्रेस (नेका), एमाले र माओवादी केन्द्र(माके), राप्रपा आदि दलहरु पूर्णरुपमा असफल सावित भएका छन् । ती दलहरु नेपालका लागि समस्या समाधान गर्ने होइन, समस्या थप्दै जाने देश र नेपाली जनताका लागि बोझ र अभिशाप बन्दै गएका छन् । यो संविधान सभालाई तिनीहरुले नेपाली समाजभित्रका समस्याको समाधान दिने अचुक हतियारका रुपमा जसरी व्याख्या गरेका थिए, परिणाम ठिक त्यसको उल्टो निक्लेको छ । राष्ट्रिय स्वाधीनताको समस्या अहिले विकराल बनेको छ । यो विगतका असमान सन्धि कार्यान्वयन मात्र होइन, अहिले देशलाई भुटानीकरण र सिक्किमीकरणतिर धकेल्ने काम भैरहेको छ । उपरोक्त चार दल बाहेक मधेश कन्द्रीत दलहरु समेतका भारतीय दलाल शक्तिहरुको मिलेमतोमा यो राष्ट्घात भैरहेको छ । बेरोजगारीका समस्या, महँगी, भ्रष्टाचारले सिमा नाघेको छ । जनसंविधान बन्ने संभावना नै देखिँदैन, जबर्जस्ती यही पश्चगामी संविधान जारि गर्ने काम भएको छ । यो पश्चगामी संविधानलाई स्वीकार गर्न नेपाली जनताको एउटा ठूलो हिस्सा तयार छैन । देशको यो अवस्थासँग नजिकबाट परिचित नेपाली जनता अब यो स्थितिको अन्त्य हुनुपऱ्यो भन्ने पक्षमा उभिन थालेका छन् । नेपाली समाजमा निराशाको बादल विस्तारै फाट्दै जान थालेको छ । नेकपा (क्रान्तिकारी माओवादी) ले जुन कुराको भविष्यवाणी गरेको थियो, अहिले त्यो सहि सावित हुँदै गएको छ । पश्चगामी संविधान त प्रतिकृयावादी र अवसरवादी पार्टीहरुले जारी गरेका छन्, तर त्यो लागू हुन सकेको छैन । ती पार्टीका नेताहरु यसबारे दिनदिनै चिन्ता जाहेर गरिरहेका छन् ।, तर यसलाई लागु गराउन तिनीहरु असफल सावित भैरहेका छन् । नेकपा (क्रान्तिकारी माओवादी) देशको एक मात्र क्रान्तिकारी शक्तिको रुपमा दिनदिनै स्थापित हुँदै गएको छ । यो पार्टीको नेतृत्वमाथि यो स्थितिको अन्त्यका लागि पार्टी अघि बढ्नु पर्दछ भन्ने दवाब बढ्दै गएको छ ।

**वस्तुगत र आत्मगत शक्तिको तालमेल**

यतिखेर नेपालमा अर्को जनआन्दोलन वा जनक्रान्तिको खाँचो दिनदिनै महशुस हुँदै गएको छ । तर क्रान्तिकारी शक्ति आत्मगत रुपमा कमजोर अवस्थामा छ । वस्तुगत परिस्थिति क्रान्तिका लागि परिपक्व तर आत्मगत शक्ति कमजोर यही नै यतिखेरको परिस्थितिको विशेषता हो ।

उपरोक्त विशेषतामाथि ध्यान दिँदै क्रान्तिकारी माओवादी पार्टीको केन्द्रीय समितिले तीन महिने अभियान संचालन गर्ने निर्णय गरेको छ । यो अभियानको जोड क्रान्तिका लागि परि पक्व वस्तुगत स्थितिको अनुकूल आत्मगत स्थितिको विकास गर्नु रहेको छ । यसका निम्ति पार्टीले संगठन सुदृढीकरण र विस्तारमा शक्ति केन्द्रीत गर्ने निर्णय गरेको छ । क्रान्तिकारीहरुको शक्ति जनताका बीचको संगठनमा नै अन्तर्निहित रहेको हुन्छ । त्यसैले पार्टीले जनतालाई क्रान्तिकारी संगठनहरुमा आवद्ध गराउने काममा तीव्रता दिनेछ ।

संगठनसँग घनिष्ट रुपमा जोडिएको विषय र ाष्ट्र र जनताका जल्दाबल्दा समस्याका समाधानका लागि संघर्षलाई अघि बढाउनु हो । यतिखेर ठुला जन आन्दोलन उठिहाल्ने अवस्था तयार भैसकेको छैन । साना साना संघर्षलाई अघि बढाउँदै लगेर ठूलो जनआन्दोलन सृष्टि गर्ने हो । पार्टीले अभियानका दौरानमा साना धेरै ठुलो संख्यामा जन संघर्ष संचालन गर्ने नीतिलाई पनि अभियानका दौर ानमा अघि बढाउने छ । यही माघ ५ गते र त्यसको आसपासमा आयोजित जन संघर्षका कार्यक्रमले ' विहानीले दिनको झझल्को दिन्छ' भन्ने भनाईलाई पुष्टि गरेको छ ।

आगामी तीन महिनामा नेपाली समाजले नयाँ फड्को मार्न सक्ने आशा र अपेक्षासहित यो अभियानलाई अघि बढाईंदै छ । हामीले यसको पूर्ण सफलताको अपेक्षा गरेका छौं ।

माघ ९ गते ।

## वर्तमान नेपाली ...

शासन प्रणाली व्रिटिश मोडेल नै अपनायो । यो साम्राज्यवादी प्रजातान्त्रिक भनिएको मोडेल नेपाल जस्तो प्राक पुँजीवादी मुलुकका लागि सुहाउदो थियो कि थिएन ? यही मोडेलले वेलायतले समृद्धि हासिल गरेकोछ र त्यहाँको बुर्जुवा प्रजातन्त्र ५ सय बर्षदेखि सफलता पूर्वक चलिआएको छ तर संसारकै उत्तम संविधान भनिएको नेपालको २०४७को संविधान १५ बर्षमै पूर्णतः असफल भयो, किन ? किन पुँजीवादी राजतन्त्र हामीले फ्याक्नु परेको थियो ? साम्राज्यवादको चंगुलबाट मुक्त भएका पूर्वका प्राक-पुँजीवादी देशहरुमा साम्राज्यवादी मुलुकहरुबाटै थोपरिएको बुर्जुवा र ाज्य प्रणाली अन्तरबस्तुरहित ढाँचागत रुप मात्र हुनु स्वभाविकै थियो । त्यस्तो बाहिरबाट थोपरि एको राजनीतिक प्रणाली पुँजीवादी हुदैमा आर्थिक प्रणाली पनि स्वतः पुँजीवादी हुन्छ भन्ने नव मार्क्सवादी बुद्धिजीवीहरुले २००७ साल अघिबाटै नेपालको अर्थतन्त्रमा पुँजीवादको अद्धभूदय भएको जीकिर गरेका छन् ।

माओले एक पटक भनेका थिए कि चीनको सामन्ती समाजभित्र व्यापारी माल अर्थव्यवस्थाको विकास भएको थियो । त्यसैले त्यस्मा पुँजीवादको वीउ निहीत थियो । विदेशी पुँजीवादको असर नपरेको भए पनि चीन आफै विस्तार विस्तार पुँजीवादी समाजमा विकसित हुने थियो । विदेशी पुँजीवादको घुसपैठले यो प्रकृयालाई तेज बनायो तर विकृतरुपमा (सं.र. ग्रन्थ-२, पृ. ५४३-५४४)। रुसमा सम्पन्न भएको महान समाजवादी अक्टुवर क्रान्तिले उपनिवेशबाट स्वतन्त्र हुनलाई बाटो देखायो तर सबै मुलुकले अक्टुबर क्रान्तिको बाटो समाउन सकेन । त्यसमध्ये भारत पनि एउटा थियो । भारतले व्रिटिश उपनिवेशबाट स्वतन्त्र भए पनि साम्राज्यवादकै दलाल र नोकरशाही पुँजीपति तथा सामन्ती तत्वहरुको पकडमा व्रिटिश मोडेलकै शासन प्रणाली अपनायो जुन भारतको आफ्नै पनको शासन प्रणाली थिएन । नेपालमा पनि २००७ साल पछि विदेशी दलाल र नोकरशाही पुँजीपति र दलाल सामन्ती तत्वहरुले भार तकै मोडेलको शासन प्रणाली अपनाए जुन नेपालको मौलिक शासन पद्दति थिएन । राजनीतिमा साप्टी ल्याइएको त्यो आध्येय अर्थात उपरी मोडेललाई आर्थिक आधारमा पुँजीवाद आएकोले राजनीतिमा पुँजीवाद लागु भएको दावी गर्ने नव मार्क्सवादी दल र व्यक्तिहरुको ठम्याइ छ, जुन गलत छ ।

## क्रान्तिकारी माओवादी ...

क्रान्तिबाट आएको एउटा तप्का पनि जनतालाई धोका दिने संसदीय भासमा डुब्न पुगेको बताए ।

अहिलेको संविधानले जनताका समस्याको हल नगर्ने स्पष्ट पार्दै अध्यक्ष किरणले जनताको समस्या समाधान गर्न सक्ने जनसंविधान निर्माण गर्नुको विकल्प नरहेको बताए । अहिले सामन्त, दलाल, पुँजीपति, नोकरशाही शक्ति सरकारमा रहेको र उनीहरुले राष्ट्रियतालाई नै खतरामा पारिरहेको उल्लेख गरे ।

पार्टीको ३ महिने संगठन सदृढिकरण अभियानका क्रममा मुख्यगरी संगठन बलियो बनाउने, राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दालाई लिएर संघर्ष गर्ने उनको भनाइ थियो ।

कार्यक्रममा बोल्दै क्रान्तिकारी माओवादीका कार्यलय सदस्य रामसिंह श्रीसले वास्तममा नेपालमा क्रान्ति नै नभएको उल्लेख गर्दै आफ्नो अधिकारका लागि बर्षौदेखि लड्दै आएको र अझैपनि लडिर हने बताए ।

सत्तामा बस्नेहरुले जनताका एजेण्डाहरु छाड्दै गइरहेको उल्लेख गर्दै उनले मजदुर, किसान, उत्पीडित, जाति, वर्ग, क्षेत्र र लिंगका जनताको अवस्था ज्युका त्यु रहेको उल्लेख गरे । जनता अजय शक्ति र इतिहासका निर्माता भएका कारण आफूहरु जनताकोमा जान लागेको उनको भनाई थियो ।

पार्टीका नेवाः राज्यका इन्चार्ज दिनेश शर्मा 'सागर' ले अबको संघर्षबाट नेपालमा संघीय जनगणतन्त्रको स्थापना गरेरै छाड्ने बताए । उनले मुलुक सिक्किमीकरणको दिशातर्फ अघि बढिरहेको उल्लेख गर्दै देश बचाउनका लागि देशभक्त शक्तिहरु एकजुट हुनुपर्नेमा जोड दिए ।

पार्टीका सचिवालय सदस्य पवनमान श्रेष्ठले शान्ति प्रक्रियामा आइसकेपछि पार्टीमा देखा परेको टुटफुट र विभाजनले केही कमजोर भएपनि मूल रुपमा जनताको नजरमा आफूहरु रहेको बताए । उनले पार्टीका विचारहरुलाई जनतासम्म पुऱ्याउनका लागि अभियानको सुरु गरिएको बताए ।

उता, पूर्वीकमाण्डअन्तर्गत कोचिला राज्यको अभियानको पार्टीका वरिष्ठ नेता सीपी गजुरेल 'गौर व' ले मोरङको विराटचोकबाट उद्घाटन गरेका छन् । अभियानको उद्घाटन गर्दै देशभक्त जनगणतान्त्रिक मोर्चाका अध्यक्ष समेत रहेका गजुरेलले क्रान्तिकारी शक्तिलाई एकताबद्ध गरी नयाँ जनवादी क्रान्तिलाई पूरा गर्नुको विकल्प नरहेको उल्लेख गरे ।

उनले अहिले सत्तामा बसेकाहरु आफ्नो स्वार्थसिद्धिका लागि केन्द्रीत रहेका कारण जनताको समस्या समाधान हुन नसकेको उल्लेख गर्दै क्रान्तिकारी शक्तिले मात्रै जनतालाई वास्तविक अर्थको मुक्ति दिनसक्ने उल्लेख गरे ।

कोचिलाको अभियानका लागि मोरङमा ४ वटा, सुनसरीमा २ वटा र झापामा एउटा टोली निर्माण गरी अभियान सुरु गरिएको केन्द्रीय सदस्य मनोज श्रेष्ठले जानकारी दिए ।

कोचिला राज्यका इन्चार्ज केदार गुरागाई 'र ल' को सभापतित्वमा भएको कार्यक्रममा कोचिला राज्यका ३ वटै जिल्ला झापा, मोरङ र सुनसर ीका जिल्ला स्तरका नेता कार्यकर्ताको सहभागिता थियो ।

यता क्रान्तिकारी माओवादी मिथिला राज्यको अभियान ६ गते बिहीबार उद्घाटन गरिएको छ । पार्टीका वरिष्ठ नेता तथा देजमोका केन्द्रीय अध्यक्ष सीपी गजुरेल 'गौरव' ले महोत्तरीको बर्दिबासमा अभियानको उदघाटन गरेका हुन् । मिथिला र ाज्यस्तरीय तीन महिने 'संगठन विस्तार तथा जनपरि चान अभियान' मा मिथिलाका चारवटा जिल्ला सिर हा, धनुषा, महोत्तरी, सर्लाहीका नेता कार्यकर्ता र जनताको उल्लेख्य उपस्थिति थियो ।

पार्टीका मिथिला राज्य इन्चार्ज कृष्णदेव सिंह दनुवारको अध्यक्षतामा सम्पन्न अभियान उद्घाटन कार्यक्रमको संचालन पार्टी केन्द्रीय सदस्य रोशन जनकपुरीले गरेका थिए भने स्वागत मन्तव्य केन्द्रीय सदस्य महेश यादवले राखेका थिए । मिथिलाको सप्तरी जिल्लामा भने अलग कार्यक्रम गरी माघ ५ गते बुधबार नै अभियानको उद्घाटन गरेको समाचार छ । जिल्लाको कुशहा बजारमा एक कार्यक्रम गरी अभियान को उद्घाटन गरिएको छ । पार्टीका केन्द्रीय सदस्य मोहनसिंह तामाङको उपस्थितिमा अभियानको उद्घाटन गरिएको थियो ।

यस्तै, तमुवानका चारवटा जिल्लामा पनि माघ ६ गते अभियान सुरु गरिएको छ । पर्वत जिल्लाको अभियान उद्घाटन जिल्ला इन्चार्ज तेजेन्द्र पौडेलले गरेका थिए । कुश्मा खरको अध्यक्षतामा सम्पन्न अभियान उद्घाटन कार्यक्रमको संचालन महान गुरुङले गरेका थिए ।

कास्की जिल्लाको अभियान उद्घाटन पार्टीका केन्द्रीय सदस्य समेत रहेका जिल्ला इन्चार्ज रामजी थापाले गरेका थिए । पोखराको लखन चोकमा आयोजना गरिएको कार्यक्रमको अध्यक्षता सन्तबहादुर भुजेलले गरेका थिए भने संचालन बमबहादुर छन्त्यालले गरेका थिए ।

तनहुँ जिल्लाको अभियानको उद्घाटन भने पार्टीका केन्द्रीय सचिवालय सदस्य तथा तमुवान इन्चार्ज श्रीनाथ अधिकारीले गरेका थिए । जिल्ला सदरमुकाम दमौलीमा आयोजना गरेको अभियान उद्घाटन कार्यक्रमको अध्यक्षता बाबुराम सुवेदीले गरेका थिए भने सञ्चालन जिल्ला पार्टीका सहसचिव नेवबहादुर रानाले गरेका थिए ।

गोरखा जिल्लाको अभियानको उद्घाटन पार्टीका केन्द्रीय सदस्य नारायण अधिकारी ' निश्चल' ले गरेका छन् । जिल्ला पार्टीका सचिव कृष्ण कट्टेलको अध्यक्षता तथा संचालनमा सम्पन्न कार्यक्रमले जिल्लाका गाउँ गाउँमा अभियानलाई प्रभावकारी रुपमा संचालन गर्ने जनाएको छ ।

अभियान थारुवान राज्यअन्तर्गत दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर जिल्लामा पनि बेग्लाबेग्लै रुपमा अभियानको उद्घाटन गरिएको छ । दाङको घोराहीमा सयौंको संख्यामा निस्किएको मोटरसाइकल ऱ्यालीपछि सभामा परिणत भएको थियो ।

सभालाई पार्टी केन्द्रीय सदस्य हिर ामणि दुःखीसहितका नेताहरुले सम्बोधन गरेका थिए । यस्तै बाँकेमा सिद्धबिनायक सामुदायिक वन कार्यालयको हलबाट अभियानको उद्घाटन गरि एको थियो । अभियानमा जिल्ला इन्चार्ज भुपेन्द्र न्यौपाने, कार्यबहाक सचिव उपेन्द्र शाही, जिल्ला सदस्यहरु रामबहादुर बुढा, सुरज शाही, मुक्त बहादुर थापा, प्रेमबहादुर थापालगायत जिल्ला नेताहरुको अभियान टोली परिचालित भएको छ । बर्दिया, कैलाली र कञ्चनपुरमा पनि बेग्ला बेग्लै रुपमा अभियान जारी रहेको थारुवान राज्य इन्चार्ज हर्कबहादुर शाहीले जानकारी दिए ।

यसैबीच रुपन्देहीमा पनि तीन महिने अभियानको सुरुआत भएको छ । पार्टी केन्द्रीय सचिवालय सदस्य प्रेमनाथ सुवेदीले एक भव्य कार्यक्रमकाबीच शंकरनगरको बनबाटिकाबाट अभियानको उद्घाटन गरेका हुन् । सो अवसर मा बोल्दै उनले जनपरिचालन सफल पार्न लाग्न कार्यकर्तालाई निर्देशन दिए । संसदीय व्यवस्थाको भण्डाफोर र संगठन विस्तार अभियानलाई सँगसँगै लैजान उनको आग्रह थियो ।

पार्टी केन्द्रीय समितिका सदस्य निलबहादुर पुनले पश्चगामी संविधान खारेज गरी जनसंविधान निर्माणमा जोड दिए । अर्का केन्द्रीय सदस्य लक्ष्मीकान्त पौडेलले क्रान्ति सम्पन्न गर्नका लागि क्रान्तिकारी शक्तिहरुबीच ध्रुवीकरणको आवश्यकता औल्याए ।

पार्टी, रुपन्देहीका सचिव भुलबहादुर सुनारीको अध्यक्षता, सचिवालय सदस्य विनोद मरासनीको सञ्चालनमा भएको कार्यक्रममा जिल्ला सल्लाहकार दलबहादुर थापा, अखिल नेपाल महिला संघ क्रान्तिकारीकी केन्द्रीय सचिव तेजकुमारी थापा लगायतले बोलेका थिए ।

अभियान चैत्रसम्म चलनेछ । पार्टीले सोही कार्यक्रमबाट तीन सल्लाहकारसहित २३ सदस्यीय देशभक्त जनगणतान्त्रिक मोर्चा-नेपाल, रुपन्देही समेत गठन गरेको छ ।

यस्तै नवलपरासीको अभियान बर्दघाटबाट सुरु भएको छ । अभियानको क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य अशोक लम्साल 'अनुकूल' ले उद्घाटन गरेका थिए । सो क्रममा संकल्प, छवि घिमिरे, छवि खरेल, चुडामणि भण्डारी लगायतले सम्बोधन गरेका थिए । उता कपिलवस्तुको पकडीमा आयोजित अभियानको उद्घाटन समिर केसीले गरेका थिए ।

त्यसैगरी, ताम्सालिङ, किरात, लिम्बुवान, भेक र सेम राज्यन्तर्गतका जिल्लाहरुमा पनि भव्य रुपमा अभियानको उद्घाटन भएको समाचार छ ।

जम्काभेट

# छाला ओडेकै ब्वाँसा खतरा बनिरहेका छन् :



**गौरव राई,**
महासचिव, अखिल किराती राष्ट्रिय मुक्ति मोर्चा

➲ ***किराती मुक्ति आन्दोलनमा देखिएका समस्याहरु के कस्ता छन्, त्यसको समाधानको कसरी गर्न सकिन्छ ?***

किराती राष्ट्रिय मुक्ति आन्दोलनमा केहि समस्याहरु छन्, पुरानो केन्द्रीकृत सामन्ती शासन प्रणालीको साँस्कृतिक छाप बाँकि नै छ । जसले गर्दा आन्दोलनको दौरानमा अवसरवाद पैदा हुने गर्दछ र आन्दोलननै कमजोर हुने गर्दछ । यो प्रवृत्तिले किरातीमा मात्रै होइन, समग्र उत्पीडित जातीय मुक्ति आन्दोलनलाई नै धरासायी बनाउने काम भएको छ । अहिलेको अवस्था सक्कली ब्वाँसाभन्दा भेडाको छाला ओडेकै ब्वाँसा खतरा भइरहेका छन् । सामन्त, जमिन्दार वर्गीय किर तीलाई कुनै मुक्ति चाहिएको छैन । उनीहरु अन्धजातिवाद र अतिजातिवादका समर्थक हन्छन् । केही कम्युनिष्टको झण्डा बोक्नेहरुले उत्पीडित जातीय मुक्तिका विरुद्ध भ्रम छरिरहेका छन् ।

यी दुवै प्रवृत्तिका विरुद्ध जुधेर मात्र किराती मुक्ति आन्दोलनलाई गन्तव्यसम्म पुऱ्याउन सकिन्छ । हामीले क्रान्तिकारी माओवादीले लिएको जातीय मुक्तिको नीतिले आम किरातीहरुको मुक्ति सम्भव देखिरहेका छौं ।

➲ ***आम उत्पीडित किरातीहरुलाई अ.किरामुमोमा आवद्ध गराउन के कस्ता योजनाहरु तर्जुमा गर्नु भएको छ ?***

हामीले भनेका छौ- साम्राज्यवाद र विस्तारवादी नियन्त्रणमा चल्ने सत्ता र सरकारबाट भिख मागेर उत्पीडित जातिहरुको मुक्ति प्राप्ति हुँदैन । हामी यस देशको आदिवासी हुँदाहुँदै पनि शरणार्थी भएका छौं । उत्पीडित जातीय संघर्षलाई सफल बनाउन क्रान्ति बचाएका छौं । आम उत्पीडित किरातीहरुलाई अधिकार सम्पन्न बनाउने जातीय मुक्ति आन्दोलन हाम्रो संगठनले नेतृत्वदायीरुपमा अगाडि बढाउँदैछौं. ।

जातीय आत्मनिर्णयको अधिकारसहितको संघीय राज्यको एजेण्डामा आम उत्पीडित किर ातीहरु गोलबन्द हुन्छन् भन्नेमा हामी पूर्णरुपले विश्वस्त छौं ।

➲ ***क्रान्तिकारी माओवादीलाई हेर्ने आम उत्पीडित किरातीहरुको कस्तो दृष्टि पाउनु भएको छ ?***

समग्र उत्पीडित जाति, वर्ग, समुदाय र लिङ्गका जनसमुदायले आफ्नो अधिकारको प्रत्यायोजन गर्ने ल्याकत राख्ने पार्टीको रुपमा नेकपा (क्रान्तिकारी माओवादी) लाई हेरेको पाइन्छ । क्रान्तिकारी माओवादी उत्पीडित वर्ग, जाति र समुदायको लागि अधिकार प्राप्तिको महत्वपूर्ण ऐतिहासिक अवसर र माध्यम दुवै हो । वास्तवमा नेकपा (क्रान्तिकारी माओवादी) उत्पीडित जातिहरुको मुक्तिको लागि बनेको पार्टी हो ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
नारायणी यातायात व्यवसायी संघद्वारा संचालित
टाटा सुमो सेवा
काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रतनपुर
फोन नं. : ०१-५१८७२५६
बल्खु, काठमाडौं ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
मितेरी यातायात एण्ड अटो प्रा.लि.
प्रधान कार्यालय : कलंकी, काठमाडौं, फोन नं. : ०१-४२७०७०४, ४२७६३८१
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

धौलागिरी अञ्चल बस व्यवसायी सञ्चालक समिति
सम्पर्क
कृष्ण सुवेदी - ९८५१०१८९१२
राम के.सी. - ९८५१०५४२६४
होम छन्त्याल - ९८४१९०६५७२
गोपाल थापा : ९८४१८११२२४
माइक्रो काउन्टर
काठमाडौं फोन ०१४३८८३९३ बाग्लुङ ०६८५२२२२०
काठमाडौंबाट : पोखरा, बाग्लुङ, बेनी, बुर्तिबाङ, दरबाङ, मुक्तिनाथ
बाग्लुङबाट : पोखरा, काठमाडौं बुर्तिवाङ, दरबाङ, बेनी, मुक्तिनाथ
A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

## आलोपालो

# मजदुरमाथि शोषणका बहुरुप



भक्तबहादुर श्रेष्ठ

पुँजीपतिले मजदुरलाई विभिन्न तरिकाले शोषण गर्छ। एउटा तरिका हो : जस्तो १ दिनको कार्यकाल १२ घण्टाको हुन्छ, त्यसमा ६ घण्टा मजदुरले आफ्नो लागि काम गर्छ भनौं आफूले पाउने दैनिक ज्यालाको लागि नगरी नहुने श्रम, अर्को ६ घण्टा पुँजीपतिका लागि गर्नुपर्छ। जस्तो १२ घण्टा कार्यकालको एक दिनमा ५० रूपैयाँको वस्तु उत्पादन गर्छ र मजदुरले दिनभरको श्रमको २० रूपैयाँ पाउँछ भने १० रूपैयाँ पहिले नै त्यस वस्तुमा लागिसकेको हुन्छ र, बाँकी २० रूपैयाँ ६ घण्टामा तयार पार्छ। तर त्यो २० रूपैयाँ मजदुरले पाउँदैन। पुँजीपतिको खल्तीमा जान्छ। त्यसले १२ घण्टाको कार्यकालमा आवश्यक कार्यकाल ६ घण्टा, जुन मजदुरका लागि गर्नुपर्ने हुन्छ, अर्को ६ घण्टा त्यसलाई अतिरिक्त कार्यकाल भनिन्छ। यसकारण अ.मू. को दर यसप्रकार हुन्छ : अतिरिक्त मूल्य/चल पुँजी . अतिरिक्त कार्यकाल/आवश्यक कार्यकाल . १०० ६ घण्टा, ६ घण्टा . १०० प्रतिशत। यसरी हेर्दा १०० प्रतिशत शोषण भयो। जति कार्यकाल बढाउँछ, त्यति बढी मजदुरको शोषण हुन्छ। कार्यकाल बढाएर जुन अ.मू. पुँजीपतिले पाउँछ, त्यसलाई निरपेक्ष अ.मू. भनिन्छ।

फेरि, कार्यकाल त्यही १२ घण्टा नै हुन्छ। तर, आवश्यक कार्यकाल घटाइदिन्छ। श्रमको उत्पादन शक्तिमा वृद्धि भएको बेला श्रमकाल घटाउन सकिन्छ। यस्तो गर्न पुँजिपतिले असल मेसिन प्रयोग गर्छ। अथवा मेसिनको गति बढाएर मजदुरको कामलाई छिटो अथवा घनत्व बढाएर उत्पादन शक्ति बढाउँछ। यसरी कार्यकाल नबडाए तापनि श्रमको उत्पादन शक्ति बढाएर आवश्यक कार्यकाल घटाएर पुँजीपतिले जुन अ.मू. पाउँछ त्यसलाई सापेक्ष अ.मू. भनिन्छ। जस्तो १२ घण्टाको काम/आवश्यक समय ६ घण्टा .२० मिटर कपडा उत्पादन भयो। अब त्यति नै घण्टामा असल मेसिन प्रयोग गरेर अथवा मेसिनको रफ्तार बढाएर ३६ मिटर कपडा तयार पार्छ र १२ मिटर बिक्री गरेर मजदुरको मजदुरी दिन्छ, बाँकी २४ मिटरको मूल्य सापेक्ष अतिरिक्त मूल्य हुन्छ।

त्यही १२ घण्टामा पहिले २४ मिटर तयार पारेर १२ मिटरले मजदुरी पूरा गर्थ्यो, अब त्यही १२ घण्टाले ३६ मिटर उत्पादन गरी त्यही १२ मिटरले मजदुरी पूरा गर्दा अब २४ मिटरमा पहिलेको तुलनामा १२ मिटर नै बढी उत्पादन भयो, यसबाट शोषणको प्रतिशत यसरी हुन्छस ८ घण्टा/४ घण्टा गुणा १०० अर्थात् २०० प्रतिशतले शोषण भयो।

मजदुरलाई मजदुरी दुई तरिकाबाट दिइन्छ। एउटा तरिका समय अनुसार अथवा दिनको मजदुरी बोकेर हो। यस्तोमा जति उत्पादन गरे पनि तोकिए बमोजिमको मजदुरी पाउँछ। अर्को तरिका हो, तयारी मालको अनुसार अर्थात् यति उत्पादन गऱ्यो भने यति दिने भनेर निश्चित गरिएको हुन्छ। यसबाट मजदुरले बढी रकम पाउन सक्छ, तर मजदुरको शारीरिक श्रमको पनि वृद्धि हुन्छ। यसबाट पुँजीपतिले झन् बढी अ.मू. पाउँछ। जस्तो पहिले १२ मिटर कपडाले मजदुरको मजदुरी पूरा हुन्थ्यो, भनौं १२ मिटरको ६० रूपैयाँबाट मजदुरी पूरा हुन्छ। यसबाट १ मिटरको ५ रूपैयाँ पऱ्यो। अब पुँजीपतिले मिटरको २ रूपैयाँको दरले जति उत्पादन भए पनि त्यसअनुसार दिने निश्चित गर्दा मजदुरले बढी पाउने लोभले धेरै मिटर तयार पार्न बढी श्रम गर्छ। उसले पहिलेभन्दा बढी ५० मिटर कपडा तयार पार्छ। पहिले ३६ मिटर कपडा उत्पादन गरेर १ मिटरको ५ रूपैयाँले १२ मिटरको ६० रूपैयाँ मजदुरले पाउँथ्यो र २४ मिटरको १२० रूपैयाँ पुँजीपतिको हात पर्थ्यो भने अब ५० मिटरको २५० रूपैयाँ भयो। मिटरको २ रूपैयाँ ले ५० मिटरको १०० रूपैयाँ मजदुरले पायो भने १५० पुँजीपतिले पायो।

जम्मा कति अ.मू. पैदा हुन्छ ? यी दुई कुराबाट निर्धारित हुन्छ–अ.मू.को दरबाट, पेस्कीमा लगाएको चल पुँजीको राशिबाट, त्यसकारण यसको निष्कर्षको रूपमा एउटा तेस्रो नियम पाउन सकिन्छ। यदि अ.मू. को दर अथवा श्रमशक्तिको शोषणको मात्रा र श्रमशक्तिको मूल्य अथवा आवश्यक श्रम कालको मात्रा, पहिलेबाट नै थाहा भयो भने चल पुँजी जति बढी हुन्छ त्यति नै बढी मूल्य पैदा हुन्छ र अ.मू. को राशि त्यति नै बढी हुन्छ। यो कुरा स्पष्ट छ। यदि कामको दिनको सीमा थाहा छ र साथै त्यसको आवश्यक भागको सीमा पनि थाहा छ भने कुनै खास पुँजीपतिले कति मूल्य तथा अ.मू. पैदा गर्छ स्पष्टसँग यो कुरामा निर्भर गर्छ कि उसले जम्मा कति श्रमलाई गतिमान बनाउँछ। तर, यो कुरा माथि भनिएका परिस्थितिहरूमा श्रमशक्तिको राशिमा अथवा पुँजीपतिले जुन मजदुरलाई शोषण गर्दछ, त्यसको सङ्ख्यामा निर्भर गर्दछ र खुद यो सङ्ख्या यस कुरामा निर्भर गर्छ कि जम्मा कति चल पुँजी लगाएको छ।

कुनै समाजको कुल पुँजीद्वारा जुन श्रम दिनप्रतिदिन गतिमान हुन्छ, त्यसलाई एक सामूहिक कामको दिन मान्न सकिन्छ। उदाहरणका लागि, यदि मजदुरहरूको सङ्ख्या १० लाख छ र एउटा मजदुरको कामको औसत दिन १० देखि निश्चित छ भने त्यसका सीमाहरू चाहे शारीरिक कारणहरूबाट निर्धारित भएका होऊन् वा सामाजिक कारणहरूबाट, अ.मू. को राशिलाई केवल मजदुरहरूको अर्थात् मेहनत गर्ने आवादीको सङ्ख्यामा वृद्धि गरेर नै बढाउन सकिन्छ।

अहिलेसम्म हामीले अ.मू. को उत्पादनको जति विवेचना गरेका छौँ, त्यसबाट मुद्राको वा मूल्यको हरेक र कमलाई इच्छाअनुसार पुँजीमा बदल्न सकिँदैन भन्ने निष्कर्ष निस्कन्छ। यसरी रूपान्तरण गर्न वास्तवमा जो व्यक्ति मुद्रा अथवा मालहरूको हो, त्यसको हातमा पहिलेदेखि नै केही न केही निश्चित मात्रामा मुद्रा अथवा विनिमय मूल्य हुनुपर्छ। चल पुँजीको यो न्यूनतम मात्रा एउटा श्रमशक्तिको लागत हुन्छ। जसको दिनप्रतिदिन पूरै सालभरि अ.मू. उत्पादनको लागि प्रयोग गरिन्छ। यदि मजदुरसँग खुद आफ्नो उत्पादनको साधन हुन्थ्यो र ऊ मजदुरको जसरी रहन सन्तुष्ट हुन्थ्यो भने जति समय उसको जीवनका साधनहरूको पुनरुत्पादनको लागि आवश्यक छ, उसलाई त्योभन्दा बढी काम गर्न कुनै आवश्यकता हुँदैन। यसबाहेक उसलाई उत्पादनको केवल यति नै साधनको आवश्यकता पर्छ, जुन ८ घण्टा काम गर्नको लागि पुग्छ। अर्कोतिर पुँजीपतिलाई यस ८ घण्टाबाहेक त्यसभन्दा ४ घण्टाको अतिरिक्त श्रम गराउँछ। उत्पादनका अतिरिक्त साधानहरू चलाउँन केही अतिरिक्त रकमको आवश्यकता पर्छ। हामी जुन कुरा मानेर गइरहेका छौं त्यस अनुसार उसलाई केवल मजदुरको जस्तै रहनको लागि राम्रोसँग होइन, केवल आफ्नो प्राथमिक आवश्यकता पूरा गर्न दुईजना नोकर राख्नुपर्छ, तबमात्र उसले यति अ.मू. दैनिकरूपमा प्राप्त गर्नसक्छ। तर, पुँजीपतिको हमेसा सम्पत्ति बढाउने उद्देश्य हुन्छ। यदि पुँजीपति साधारण मजदुरभन्दा केवल दुई गुना राम्रोसित जीवन चलाउँन चाहन्छ र साथै पैदा हुने अ.मू. को आधा भाग पुँजीमा बदल्न चाहन्छ भने उसले मजदुरहरूको सङ्ख्याको साथसाथ आफ्नो लगाएको पुँजीलाई पनि पहिलेभन्दा आठगुना बढाउनु पर्छ।

हामीले देखिसक्यौँ–उत्पादन प्रक्रियाभित्र पुँजीले श्रममाथि अर्थात् श्रमशक्तिमाथि अधिकार जमायो। पुँजीपतिले मजदुरले आफ्नो काम नियमित ढङ्गबाट छिटोसँग गरेको छ कि छैन भन्ने कुरामा एकदम ध्यान दिन्छ। यति मात्र होइन, पुँजीको श्रमसँग जबर्जस्तीको सम्बन्ध बन्नजान्छ, जसद्वारा मजदुरवर्गलाई उसको आफ्नो जीवनको आवश्यकतालाई जुन केही काम गर्नु आवश्यक हुन्छ। त्यसभन्दा बढी काम गर्न बाध्य बनाइन्छ।

# मगर राष्ट्रिय मुक्ति मोर्चाको राष्ट्रिय सम्मेलन सम्पन्न

## निलबहादुर पुनको अध्यक्षतामा केन्द्रीय समिति गठन

◆ **वर्गदृष्टि संवाददाता**/तानसेन

नेकपा (क्रान्तिकारी माओवादी) निकट मगर राष्ट्रिय मुक्ति मोर्चाको राष्ट्रिय भेला सम्पन्न भएको छ। पाल्पाको तानसेनमा आयोजित राष्ट्रिय भेलामार्फत निलबहादुर पुनको अध्यक्षतामा ३१ केन्द्रीय समिति निर्माण भएको छ।

समितिको उपाध्यक्षमा भीम श्रीस मगर, भरत बुर्जामगर, तेजकुमारी थापा मगर रहेका छन् भने महासचिवमा अर्जुन तरामु मगर चयन भएका छन्।

यसैगरी सचिवहरुमा पदम लामिछाने मगर, कपिल पुन मगर, कमल घर्ती मगर तथा कोषाध्यक्षमा शेरबहादुर पुन मगर रहेका छन् भने सदस्यहरुमा रविराज रोका मगर, मुक्त थापा मगर लगायत ३१ सदस्यीय समिति निर्माण भएको हो।



पाल्पाको तानसेनमा सम्पन्न राष्ट्रिय भेलाको नेकपा (क्रान्तिकारी माओवादी) का सचिवालय सदस्य केबी गुरुङले उद्घाटन गरेका थिए।

'पहिचानसहितको संघीय/स्वायत्त मगरातका लागि संघर्ष गरौं, जनविरोधी संविधान खारेजीका लागि संघर्ष गरौं' भन्ने नाराका साथ राष्ट्रिय भेला सम्पन्न भएको हो।

# क्रान्तिकारी ट्रेड युनियन आबद्ध संघहरुको राष्ट्रिय सम्मेलन फागुनमा

**काठमाडौं**। अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघ आबद्ध संघहरुको राष्ट्रिय सम्मेलन आगामी फागुनमा हुने भएको छ। अखिल नेपाल क्रान्तिकारी पर्यटन मजदुर संघ तथा अखिल नेपाल क्रान्तिकारी अटो श्रमिक संघको राष्ट्रिय भेला क्रमशः फागुन १५ गते र फागुन २८ गते काठमाडौंमा हुने भएको छ।

मजदुर आन्दोलनमा देखापरेका अभिजात वर्गको प्रभावका विरुद्धको संघर्षलाई थप सशक्त पार्दै लैजाने पनि संघले जनाएको छ। ट्रेड युनियनमा भएका दक्षिणपन्थी पुच्छरवादी वा अर्थवादी प्रवृत्तिका विरुद्ध क्रान्तिकारी मजदुर आन्दोलनको दृढतापूर्वक रक्षा र विकास गर्दै आएको अखिल नेपाल क्रान्तिकारी पर्यटन मजदुर संघले सम्मेलनमार्फत् आफूलाई अझ सुदृढ र विकास गर्ने लक्ष्य पूरा गर्न विभिन्न अभियानका साथ अगाडि संकल्प गरेको सो संघका अध्यक्ष रामबहादुर बस्नेतले बताए।

त्यसैगरी अखिल नेपाल क्रान्तिकारी अटो मेकानिक्स श्रमिक संघले आफ्नो जिल्ला भेला सम्पन्न गर्दै फागुन २८ गते काठमाडौंमा गर्ने राष्ट्रिय भेलाका लागि संगठनलाई अगाडि एक अभियानका साथ अगाडि बढाइएकोसंघका संयोजक कुमार घतानीले जानकारी दिए। दुवै संघका बैठकहरुमा अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघका संयोजक इश्वर तिमिल्सिना, महासंघका कार्यालय सदस्यहरु फुर्नाम्गेल मोक्तान, बद्री चापागाई, रामबहादुर बस्नेत र ठमान सिंह तामाङ लगायत उपस्थित थिए।

# माके छाड्दै विद्यार्थीहरु क्रान्तिकारी माओवादीमा

**बझाङ** : माओवादी केन्द्र निकट अखिल (क्रान्तिकारी) का जिल्ला नेता कमल थापा १५ सदस्यीय टोलीसहित क्रान्तिकारी माओवादीमा प्रवेश गरेपछि उनकै नेतृत्वमा क्रान्तिकारी माओवादी निकट अखिल (क्रान्तिकारी) बझाङको जिल्ला समिति निर्माण भएको छ।

जिल्लामा भएको एक भेलामार्फत जिल्ला समिति निर्माण गरिएको हो। समितिको उपाध्यक्षमा ओमजंग थापा, सचिवमा सुमन सिम्खडा, सहसचिवमा जयराम जोशी, कोषाध्यक्षमा रविन्द्र रोकाया, सदस्यहरुमा सुमन विक, जीवन बोहरा, नविन जोशी, गौरी जोशी, प्रज्वल रोकाया, यज्ञराज धामी, हिक्मत धामी, अर्जुन जंग शाही, उमेश भण्डारी, पदम कठायत, कलक कठायत, गणेश बुढा, जगत जोशी, पुस्कर जोशी, प्रकाश धामी, मनोज विसी, सुनिल विसी, किसन कठायत, महेन्द्र रोकाया, क्षितिज रावल, दिनेश धामीलगायतलाई चयन गरेको छ।

यसैबीच, नेकपा (क्रान्तिकारी माओवादी) बझाङ जिल्लाको जयपृथ्वीबहादुर सिंह नगर कमिटी अशोक ओलीको संयोजकत्वमा गठन गरिएको छ। सो कमिटी पुष्पराज उपाध्याय, राजेन्द्र विकलगायत ११ सदस्सीय रहेको छ। त्यसैगरी सोही नगरमा राजेन्द्र विकको संयोजकत्वमा ९ सदस्यीय देजमो पनि गठन गरिएको त्यहाँबाट हाम्रा प्रतिनिधिले जनाएका छन्।

त्यसैगरी, डडेल्धुरामा माओवादी केन्द्रका जिल्ला सचिवालय सदस्य सुधिर जैरुको नेतृत्वमा ७ जना क्रान्तिकारी माओवादीमा प्रवेश गरेका छन्। डडेलधुरामा विभिन्न पार्टी परित्याग गरेर क्रान्तिकारी माओवादीमा प्रवेशको लहर विस्तारै बढ्दै गएको र केही दिनमै अन्य नेता कार्यकर्ताहरु क्रान्तिकारी माओवादीमा प्रवेश गर्ने तयारी गरिरहेको समाचार स्रोतले दावी गरेको छ।

# फागुन ७ मा पर्यटन व्यवसायीहरुको राष्ट्रिय भेला

काठमाडौं। नेकपा (क्रान्तिकारी माओवादी) निकट पर्यटन व्यवसायीहरुको राष्ट्रिय भेला फगुन ७ गते हुने भएको छ। पर्यटन व्यवसायीहरुको एक भेलाले फागुन ७ गते राष्ट्रिय भेला काठमाडौंमा गर्ने निर्णय गरेको आयोजक समितिका संयोजक तोरण बहादुर गुरुङले जानकारी दिए।

राष्ट्रिय भेला आयोजना गर्नका लागि गुरुङको संयोजकत्वमा ११ सदस्यीय भेला आयोजक समिति गठन गरिएको छ। नेकपा (क्रान्तिकारी माओवादी) का नेवाः राज्य समितिका इन्चार्ज दिनेश शर्मा 'सागर' को उपस्थितिमा बसेको बैठकले राष्ट्रिय भेला आयोजना गर्ने निर्णय गर्दै मिति पनि तर गरेको हो।

## फैलंदैछ देशभक्त ...

सयका दरले सदस्यता वितरण गर्ने, फाल्गनु पहिलो साता जिल्ला प्रशासन कार्यालय, महानगर र १० वटै नगरपालिकामा स्थानीय समस्याहरुलाई समेटी ज्ञापन पत्र बुझाउनेलगायतका महत्वपूर्ण निर्णय समेत गरेको छ।

**पाल्पाको संयोजकमा मकबुल अली**

देजमो पाल्पाको संयोजकमा मोर्चाका केन्द्रीय सदस्य समेत रहेका मकबुल अली चुनिएका छन्। त्यसैगरी जिल्ला सदस्यहरुमा क्रमशः खिलराज खाती, इश्वरी विक, रामप्रसाद खत्री, चुनिकला विक, भोजबहादुर मश्राङ्गी, लिला श्रेष्ठ, अलिफ खानलगायत रहेका छन्। एक भेलाले १५ सदस्सीय देजमो जिल्ला समिति निर्माण गरेको हो।

**देजमो गोरखाको संयोजकमा छविलाल घले**

देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको गोरखा जिल्ला संयोजकमा छविलाल घले चुनिएका छन्। हालै सम्पन्न एक भेलाले सचिवमा विजय आलेलाई चयन गरेको छ भने सदस्यहरुमा दिलबहादुर भुजेल, प्रताप भण्डारी, अमृत राना, बालकृष्ण अछामी, टलबहादुर गुरुङ, सन्तकुमारी घले, हरिराम दवाडी, नेत्र देवकोटा, दलबहादुर गुरुङ, नरबहादुर गुरुङ, भगिरथ गुरुङ, तारा पोख्रेल, शिव कुमाल, राजकुमारी देवकोटा र भाद्र प्रसाद देवकोटालाई चयन गरेको छ।

**देजमो खोटाङमा शुभचन्द्र राई**

नेकपा (क्रान्तिकारी माओवादी) को वैधानिक मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालको खोटाङ जिल्ला समिति निर्माण भएको छ। मोर्चाको एक भेलाले शुभचन्द्र राईको संयोजकत्वमा ७ सदस्यीय जिल्ला भेला आयोजक समिति निर्माण भएको छ। समितिका सदस्यहरुमा मिलना राई, वीरेन्द्र राया, राजेश बस्नेत कल्याणकाजी बस्नेत, कुबिर राई र शिव रिजाल रहेका छन्।

**ओखलढुंगाको देजमोमा शेर्पा**

यसैगरी देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल ओखलढुंगामा पनि जिल्ला भेला आयोजक समिति निर्माण भएको छ। जिल्लामा भएको एक भेलाले पेम्डोमा शेर्पाको संयोजकत्वमा ११ सदस्यीय जिल्ला भेला आयोजक समिति निर्माण गरिएको हो। समितिका अन्य सदस्यहरुमा निन्जी शेर्पा, रामकृष्ण फुयाल, जितेन्द्र खड्का, मोहन खड्का, मोहन तामाङ, दिपेश बोगटी, शंकर राई, आशिस सुनुवार, विमला शेर्पा, पूर्ण विक, डम्बर तामाङ रहेका छन्।






**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : केशरमणि कटुवाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं